मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक २०८ ● २०८२ साल जेष्ठ २८ गते बुधबार ● Wednesday 11, June 2025 ● सूर्योदय: बिहान ५:१० बजे ● सूर्यास्त: साँझ ६:५० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मन्दिर छोपेर पार्क भन्दै भुक्तानी ?

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २६ सुगौलीमा सीताराम हनुमान मन्दिरलाई चिल्डे«न पार्क भनेर प्रदेश सरकारको बजेट भुक्तानी भएको पाइएको छ । मन्दिरलाई पार्क भनेर नामकरण गरी एउटा शिलान्याशको विवरण मात्र टाँसेर भुक्तानी भएको पाइएको हो । चिल्ड्रेन पार्कमा कुनै पनि पूर्वाधार निर्माण नभएको र साधुबाबाहरु बस्ने गरेको पाइएको छ । पूर्वमन्त्री रमेश कुमार कुर्मीले उद्घाटन गरेको पार्कमा भएको अनियमितताबारे सहकर्मी संस्थाहरु रेडियो वीरगंज ९९ मेगाहर्ज र टिभी वीरगंजले बुधबार दिउँसो १२ बजे विशेष कभरेज गर्ने भएको छ । मधेशदृष्टिको आगामी अंकमा विस्तृत पढ्न पाउनु हुनेछ ।

# सत्ययुगको ज्ञानभूमि अब आधुनिक शिक्षाको केन्द्र: प्रधानमन्त्री

**दिपक कर्ण**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित राजर्षि जनक विश्वविद्यालयको पहिलो दीक्षान्त समारोह ऐतिहासिकरुपमा भएको छ । विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा आयोजित समारोहमा १ सय १४ स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थी दीक्षित भए । दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले जनकपुरधामको ऐतिहासिक, सांस्कृतिक र बौद्धिक महत्त्वलाई स्मरण गर्दै जनकपुरधाम सत्ययुगदेखि नै ज्ञान, दर्शन र विद्धताको केन्द्र भएको बताए ।




उनले भने, '४ हजार वर्षपछि हामी फेरि त्यही स्थानमा आइपुगेका छौँ, जहाँ सत्ययुगमा दर्शन र ज्ञानको गहिरो छलफल हुन्थ्यो । बीचको इतिहास हरायो, विद्यापतिजस्ता केही विरलै विद्वान मात्र देखा परे ।' प्रधानमन्त्री ओलीले शासकीय कुव्यवस्था र राजनीतिक स्वार्थले जनकपुरधाममा ढिला गरी विश्वविद्यालय स्थापना भएकोमा आश्चर्य व्यक्त गर्दै यस्ता कमजोरी अब वास्तविक प्रजातन्त्रको अभ्यासमार्फत सच्याइने प्रतिबद्धता जनाए । प्रधानमन्त्री ओलीले पूर्वीय दर्शनलाई अन्धविश्वास भन्दै खार्ने प्रवृत्ति गलत भएको बताउँदै त्यसमा गहिरो सिद्धान्त र दर्शनको जरा रहेको तर्क गरे ।

'हाम्रो पहिलो व्यवस्थित विश्वविद्यालय २ हजार ८ सय वर्षअघि स्थापना भएको थियो, जुन पश्चिमी विश्वको विश्वविद्यालयीय परम्पराभन्दा करिब १ हजार ८ सय वर्ष पुरानो हो,' उनले भने, 'हाम्रो ज्ञानको परम्परा पुरातन र गम्भीर छ । प्रचार प्रसारमा भने हामी पछि परेका छौँ ।' उनले राजर्षि जनक विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी पहिलोपटक दीक्षित हुनु सुखद पक्ष भएको बताउँदै भने, 'अहिले थोरै विद्यार्थी छन् । तर, ठूला यात्राहरू सधैँ पहिलो पाइला चालेर शुरु हुन्छन् । यो आरम्भ भविष्यको सफलता र सशक्त परिवर्तनको आधार बन्नसक्छ ।'

प्रधानमन्त्री ओलीले विद्वान पुर्खाका सन्तान भएकाले नेपाली विद्यार्थीको 'जेनेटिक पावर' सशक्त रहेको बताए ।

ओलीले नेपालका विश्वविद्यालयबाट दीक्षित विद्यार्थीले संसारको जुनसुकै विश्वविद्यालयमा गएर प्रतिस्पर्धा गर्न सक्ने विश्वास व्यक्त गरे । 'नेपाल ज्ञानको भूमि हो । शैव र विश्वामित्रजस्ता पुरानो सभ्यता भएको मुलुक हो । विश्वको पहिलो आयुर्वेदाचार्य चरक ऋषि यही देशका हुन् । न्यूटनले गुरुत्वाकर्षणको सिद्धान्त पत्ता लगाउनुअघि हाम्रा भाष्कराचार्यले 'सिद्धान्त शिरोमणि' पुस्तक विसं १२१० मा निकालेका थिए', कुलपति ओलीले भने, 'पूर्वीय दर्शन अन्धविश्वासमा आधारित हो भन्ने भ्रम दिन खोजिएको छ, त्यो सही छैन ।

यो त सिद्धान्त हो । अनुभूति, अनुभव र ज्ञानको संग्रहबाट सिद्धान्त बन्छ भन्ने आधारमा यो दर्शन रहेको छ । यस दर्शनका हिमायतीहरु विश्वमा कमजोर हुन सक्दैनन् ।'

प्रधानमन्त्री ओलीले दीक्षित विद्यार्थीलाई मेहनत गरेमा सफलता हात लाग्ने र रुचिको विषय पढ्ने अवसर प्राप्त भएमा हरेक विद्यार्थीले आफूभित्रको सम्भाव्यता प्रस्फुटित गराउने सक्ने बताए । 'तपाईंहरुले यहाँ पाउनुभएको ज्ञान र दीक्षाका आधारमा तपाईंहरु संसारको जुनसुकै विश्वविद्यालयमा प्रतिस्पधार्मा जान सक्नुहुन्छ । तपाईंहरुमा म पठित छु भन्ने घमण्ड होइन, मानवता र करुणाको भावना हुनुपर्छ । विद्याले विनयशीलता, विनयशीलताले राम्रो पात्रता, पात्रताले धन र धनले सुख दिन्छ ।' प्रधानमन्त्री ओलीको सन्देश थियो ।

दीक्षान्त समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशका जिल्लामा निरक्षरता दरमा देखिएको वृद्धिलाई चिन्ताजनक बताउँदै राजर्षि जनक विश्वविद्यालयजस्ता शैक्षिक संस्थाबाट उत्पादित विद्यार्थीले उज्वल भविष्य निर्माणमा भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले मधेश प्रदेश सरकारले स्थापना गरेको विश्वविद्यालयलाई विश्वविद्यालय अनुदान आयोगबाट अन्य विश्वविद्यालयसरह अनुदान प्रदान गर्नुपर्ने धारणा राखे । समारोहमा दीक्षान्त मन्तव्य व्यक्त गर्दै वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलले विश्वविद्यालयबाट दीक्षित विद्यार्थीहरूले समाजको परिवर्तन र समृद्धिको अभियानमा लाग्ने विश्वास व्यक्त गरे ।

विश्वविद्यालयका उपकुलपति प्रा. डा. अमरप्रसाद यादवले राजर्षि जनक विश्वविद्यालयले छोटो अवधिमा प्रतिस्पर्धात्मक जनशक्ति उत्पादन गरेको उल्लेख गर्दै हाल विभिन्न संकायमा सम्बन्धन प्राप्त तथा आङ्गिक कलेजमार्फत करिब २ हजार ८ सय विद्यार्थी अध्ययनरत रहेको जानकारी दिए । समारोहअघि प्रधानमन्त्री ओलीको अध्यक्षतामा विश्वविद्यालय सिनेटको बैठकसमेत भएको थियो । बैठकमा विश्वविद्यालयको आगामी कार्ययोजना, शैक्षिक कार्यक्रम र पूर्वाधार विकासका विषयमा छलफल भएको थियो ।

राजर्षि जनकको नाममा स्थापित यो विश्वविद्यालयले शिक्षालाई आध्यात्मिक, वैज्ञानिक र व्यावहारिक जीवनसँग जोड्दै नेपालको शैक्षिक इतिहासमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरिएको छ । दीक्षित भएका विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्दै प्रधानमन्त्री ओलीले समृद्ध नेपाल, खुशी नेपालीको सपना साकार पार्न शैक्षिक क्षेत्रको विकास अपरिहार्य भएको धारणा व्यक्त गरे ।

## प्रदेश सभा सदस्य ठाकुरसहित १७ जनाविरुद्ध पौने ७ करोडको भ्रष्टाचार मुद्दा

अख्तियार स्रोतका अनुसार सार्वजनिक सम्पत्तिको दोहन गरी नियम मिच्दै मनोमानी ठेक्का दिइएको देखिन्छ । सार्वजनिक खरिद ऐनले विकास निर्माणको काममा पारदर्शिता कायम गर्न प्रस्ताव म्यादभित्र पेश गर्नुपर्ने, प्रतिस्पर्धा सुनिश्चित गर्नुपर्ने र म्यादबाहिर आएको प्रस्ताव अस्वीकार गर्नुपर्ने प्रावधान राखेको छ ।



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको औरही गाउँपालिकामा निर्माणाधीन १५ शैयाको अस्पतालमा ठूलो भ्रष्टाचार भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेश सांसद दिपेन्द्र कुमार ठाकुरसहित १७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । ठेक्कापट्टाको प्रक्रियामा व्यापक अनियमितता, पारदर्शिताको घोर उल्लंघन र सार्वजनिक सम्पत्तिको दुरुपयोग भएको आयोगको दाबी छ ।

अख्तियारका अनुसार सार्वजनिक खरिद ऐन २०६३ र त्यसको नियमावलीको उल्लंघन गर्दै म्याद समाप्त भएपछि आएको टेन्डरलाई स्वीकृति दिइएको र प्रतिस्पर्धाविहीन रूपमा ठेक्का सम्झौता गरिएको हो । धनुषा क्षेत्र नम्बर ३(ख) बाट निर्वाचित एमाले सांसद दिपेन्द्र कुमार ठाकुर अस्पताल निर्माणको ठेक्कामा ठेकेदारको रूपमा सहभागी भएको अख्तियारले जनाएको छ ।

उनीसँगै स्थानीय तहका प्रमुख, वडाध्यक्ष, इञ्जिनियर र खरिदारसमेत प्रतिवादीको रूपमा मुद्दामा संलग्न छन् । अस्पताल निर्माणका लागि औरही गाउँपालिकाले २४ करोड ४३ लाख रुपैयाँको लागत अनुमान तयार गरेको थियो । सोहीअनुसार १२ करोड ३५ लाख रुपैयाँको प्रस्ताव पेश गर्ने प्रतिष्ठा, धुलिखेल, एक्सिस एसिउन जेभी नामक कम्पनीलाई ठेक्का दिनुपर्ने स्थिति रहेको अख्तियारको दाबी छ । तर, समयसीमा समाप्त भएपछि १९ करोड १४ लाख रुपैयाँको प्रस्ताव लिएर आएको लुम्बिनी, डि एण्ड एन जेभीलाई ठेक्का दिइएको थियो । सार्वजनिक खरिद ऐनअनुसार म्यादभित्र कम्तीमा एक प्रतिस्पर्धी प्रस्ताव नआएमा बोलपत्र प्रक्रिया रद्द गरिनुपर्ने व्यवस्था छ ।

तर, ती सबै कानूनी प्रावधान बेवास्ता गर्दै सम्झौता गरिएको अख्तियारको ठहर छ । अख्तियारले यो प्रकरणमा संलग्न सबै प्रतिवादीसँग ६ करोड ७९ लाख १२ हजार ३ सय ८३ रुपैयाँको भ्रष्टाचार भएको ठहर गर्दै सोही रकम असुलउपर गर्न माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

मुद्दामा संलग्न अन्य प्रतिवादीहरूमा औरही गाउँपालिकाका तत्कालीन अध्यक्ष ब्रम्हदेव यादव, उपाध्यक्ष मीरादेवी सहनी, प्रमुख प्रशासकीय अधिकृत सुबोधकुमार ठाकुर, वडाध्यक्षहरू आशेश्वर यादव, अमित कुमार यादव, गंगाप्रसाद यादव, शिवनाथ साह, प्रमेश्वर मण्डल, दिलीप कुमार साह, इन्जिनियर सोनु साह, सन्तोष मण्डल, विनीत कुमार साह, खरिदार मोहन मण्डल र मनोज यादव छन् ।

अख्तियार स्रोतका अनुसार सार्वजनिक सम्पत्तिको दोहन गरी नियम मिच्दै मनोमानी ठेक्का दिइएको देखिन्छ । सार्वजनिक खरिद ऐनले विकास निर्माणको काममा पारदर्शिता कायम गर्न प्रस्ताव म्यादभित्र पेश गर्नुपर्ने, प्रतिस्पर्धा सुनिश्चित गर्नुपर्ने र म्यादबाहिर आएको प्रस्ताव अस्वीकार गर्नुपर्ने प्रावधान राखेको छ । तर, ती सबै प्रक्रिया उल्लंघन गर्दै करिब १९ करोड रुपैयाँ बराबरको ठेक्का सम्झौता गरेको अख्तियारको अनुसन्धान निष्कर्षमा उल्लेख छ ।

# राजविराजमा रणमैदान, कर्मचारीमाथि हातपात र तोडफोड

**मनोज माझी**
**सप्तरी ।**
प्रमुख प्रशासकीय अधिकृतको सरुवा तथा नयाँ निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीलगायत विभिन्न विषयमा कार्यबाहक र निलम्बित मेयरबीचको विवाद प्रशासनको रोहबरमा छलफल गर्दासमेत सहमति हुन नसकेपछि मंगलबार राजविराज नगरपालिका कार्यालयमा तोडफोड भएको छ । तोडफोडक्रममा नगरपालिकाका लेखापाल शत्रुधन दाससहित तोडफोडको दृश्य आफ्नो मोबाइलमा कैद गरिरहेका तीनजना सर्वसाधारणसमेत प्रदर्शनकारीबाट कुटिएका छन् । प्रमुख प्रशासकीय अधिकृत डा.श्रवण कुमार साहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दुई दिनअघि रौतहटको एक स्थानीय तहमा सरुवा गरेर राजविराज नगरपालिकाकै कर्मचारी शिक्षा शाखाका प्रमुख भोगेन्द्र यादवलाई निमित्तको जिम्मेवारी दिएपछि निलम्बित मेयर भीमराज यादवपक्ष विरोधमा उत्रेका थिए ।

विरोधस्वरुप निलम्बित मेयर यादवकै अगुवाईमा तीन दिनअघि नगरपालिकामा तालाबन्दी गरी धर्ना र रिले अनसन शुरु गरिएको थियो । कार्यबाहक मेयर इशरत परवीनले मन्त्रालयले पत्र पठाइसकेको व्यक्तिलाई नै निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिनुपर्ने तर्क गरिरहँदा निलम्बित मेयर भीमराजले डा.साहलाई नै प्रमुख प्रशासकीय अधिकृतको रुपमा राखिनुपर्ने अथवा दरबन्दी अनुसारको उपसचिवस्तरकै प्रमुख प्रशासकीय अधिकृत मन्त्रालायबाट झिकाउनु पर्नेलगायतका विभिन्न ९ बुँदे माग राख्दै तालाबन्दी र धर्ना शुरु गरेका थिए । निलम्बित मेयर र उनका समर्थक तालाबन्दी र धर्नामा उत्रेपछि कामकाज प्रभावित भएको भनी जनगुनासो बढ्दै गर्दा प्रमुख जिल्ला अधिकारी भोला दाहालको पहलमा आइतबार र सोमबार लगातार दुई दिन दुवै पक्ष तथा अन्य सरोकारबाला निकायका प्रतिनिधि राखेर वार्ताबाट सहमति निकाल्ने प्रयास गरिएको थियो । तर, निलम्बित मेयर यादवले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन लागिएका भोगेन्द्र यादवलाई कुनै पनि हालतमा स्वीकार्न नसकिने अडान लिएपछि वार्ता र छलफलबिना निष्कर्ष नै टुङ्गिएको थियो । तीनदिनदेखि लगातार कार्यालय बन्द रहेको अवस्थामा कार्यालयको दैनिक कामकाजका साथै विभिन्न विकास निर्माणका गतिविधिसमेत अगाडि बढ्न नसकेपछि कार्यबाहक मेयर परवीनले करिब आधा दर्जन वडाध्यक्ष, कार्यपालिका सदस्य, केही वडा सदस्य तथा नागरिक अगुवासहितको सहभागितामा मंगलबार ताला फोड्दै मन्त्रालयको परिपत्रअनुसार भोगेन्द्र यादवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा पद बहाली गराएका छन् ।

यो खबर पाएलगतै यस कार्यको विरोधमा निलम्बित मेयर भीमराजसहित आएका उनका समर्थकहरु नगरपालिकामा ढुङ्गामुढा गर्दै कार्यालयका झ्यालढोका सिसा, तीनवटा मोटरसाइकल, कार्यबाहक मेयर चढ्ने गाडीको सिसा र कार्यालय प्रांगनमा जडान रहेको दुईवटा सिसि क्यामरा फुटाइदिएको कार्यबाहक मेयर परवीनले बताइन् । उनले नगरपालिकाबाट सहजरुपमा सेवा प्रदान गर्न ताला खोलिदिन पटकपटक आग्रह गर्दा पनि बेवास्ता गरेकाले र छलफलबाट निलम्बित मेयर भीमराजको एकलौटी अडानका कारण निकास निस्किने सम्भावना नदेखेपछि नगरबासी र प्रशासनको सहयोगमा ताला फोड्न बाध्य भएको बताइन् । उनले आमनगरबासीलाई सत्यको पक्षमा खुलेर लाग्न आग्रहसहित भ्रष्टाचार आरोपमा अदालतबाट समेत सजाय तोकिएर निलम्बनमा परेका व्यक्तिबाट बिगत तीन बर्षदेखि नगरपालिकाको हरेक कामकाजमा यसरी प्रत्यक्ष हस्तक्षेप हुनु दुःखद र चकित पार्ने बिषय भएको बताइन् ।



निलम्बित मेयर भीमराजका समर्थकको कुटाइबाट घाइते भएका नगरपालिकाका लेखापाल शत्रुधन दासको स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको तथा कुटपिट र तोडफोडमा सहभागी भएकालाई अविलम्ब पक्राउ गरी कारबाही हुनुपर्ने उनको माग छ । यता तनावबीच निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा भोगेन्द्र यादवले पदभार ग्रहण गरेका छन् । बाहिर निलम्बित मेयर भीमराज पक्षले प्रदर्शन गरिरहँदा कार्यबाहक नगर प्रमुख परवीनसहित केही जनप्रतिनिधि र कर्मचारीले पदभार ग्रहण गराउँदै उनलाई बधाई तथा शुभकामना दिएका थिए । यस अवसरमा उनले जटिल परिस्थितिमा आफूले जिम्मेवारी पाएको भए पनि इमान्दारीका साथ जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता जनाए । निलम्बित मेयर भीमराज यादवले नगरपालिकामा विभिन्न विकास निर्माण कार्यमा मनपरी र एकलौटी गर्न खोजेकाले आफू कार्यवाहक मेयरविरुद्ध उत्रेको दाबी गरे । आर्थिक वर्ष २०७३–७४ मा राजरंगशालाको स्तरोन्नति कार्यको ठेक्का लिएका न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालकसमेत रहेका भिमराज यादवसहित केही निर्माण कम्पनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनी निलम्बित भएका थिए । आरोपपत्रउपर सुनुवाई गर्दै विशेष अदालतले यादवको विपक्षमा फैसला गरेपछि उनी अहिले सर्वोच्चमा पुगेको अवस्था छ ।

# नीति तथा कार्यक्रम सर्वसम्मतले पारित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको छ । शुक्रबार आगामी आर्थिक वर्ष २०८२–८३ का लागि प्रदेशसभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा दुई दिनको छलफलपछि पारित गर्ने प्रस्ताव पेश गरेकामा सर्वसम्मतले पारित भएको हो ।

छलफलक्रममा सांसदहरुले उठाएको प्रश्नको मुख्यमन्त्री सतिश कुमार सिंहले जवाफ दिएपछि नीति तथा कार्यक्रम पारित गर्न प्रदेशसभामा निर्णयार्थका लागि पेश गर्दा विपक्षमा कुनै सांसदले 'हुन्न' नभनेपछि सभामुख रामचन्द्र मण्डलले सर्वसम्मतले पारित भएको घोषणा गरे । यसअघि चारजना सांसदले संशोधन गर्नका लागि प्रस्ताव दर्ता गराएकामा सभामुख मण्डलले प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको हो ।

जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादव, किरण कुमारी र संजय यादवले संशोधन प्रस्ताव दर्ता गराएकामा यादव र किरणले प्रस्ताव फिर्ता नलिएपछि निर्णयार्थ प्रस्तुत भएपछि बहुमतले अस्वीकृत भएको हो । संजय यादव भने अनुपस्थित रहेकाले उनको प्रस्ताव निर्णयार्थ प्रस्तुत भएन ।

यस्तै, नेकपा माओवादी केन्द्रकी सांसद मालाकुमारी कर्णले मुख्यमन्त्री सिंहले सम्बोधनक्रममा आफ्नो बुँदामा प्रवेश नगरेको भन्दै संशोधन प्रस्ताव फिर्ता नलिएपछि प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा बहुमतले अस्वीकृत भएको हो ।

# दरभङ्गा महाराजको नासो लथालिङ्ग बन्दै

**महोत्तरी ।**
छिमेकी भारतको पुरानो दरभङ्गा राज्यका महाराज रामेश्वर सिंहको नासो महोत्तरीको गौशालास्थित निगौल गाई गौशाला अहिले लथालिङ्ग बनेको छ । साधन स्रोत भएर पनि त्यसको कुशल व्यवस्थापन नहुँदा एक समयको साख मानिने गाई गौशालाको अवस्था अहिले नाजुक बनेको हो । विसं १९८३ तिर तत्कालीन दरभङ्गा महाराज रामेश्वर सिंहले २०० बिघा जग्गा र एक हजार ५०० लैना गाईको व्यवस्थापन गरेर नेपाल सरकारलाई जिम्मा लगाएका निगौल गाई गौशाला अहिले भद्रगोल बनेको छ । दरभङ्गा महाराजले आफ्ना प्रतिनिधि ब्रह्मदेव ठाकुरमार्फत गौशाला सञ्चालनको प्रबन्ध नेपाल सरकारलाई सुम्पेका थिए । त्यसयताका १०० वर्षमा यसको विकासको सट्टा अधोगति हुँदै जाँदा अब निगौल गाई गौशाला अस्तित्व धान्न नसक्ने अवस्थामा पुगेको छ । जग्गा, बजार, गोठ एवम् पक्की कार्यालय भवनसहितका साधन स्रोत भए पनि यी गौशालाको हितमा प्रयोग नभएपछि संस्थाको अवस्था खस्कँदै गएको गौशाला–९ डुमरवानाका ६५ वर्षीय शिवशरण रायले बताए । कहिलेकाहीँ सरकारका मन्त्री, विभिन्न निकायका प्रमुख र जनप्रतिनिधि पुगेर अब यो फेरिन्छ भन्ने गरेका कुरा अब यहाँका बासिन्दाका लागि पत्यारिलो हुन छाडेको छ । पछिल्लो पटक गत माघ मसान्तताका अहिलेका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गौशालाको स्थलगत अवलोकन गरेर यसको दीर्घकालिक समाधानका लागि पहलकदमी लिइने बताएको यहाँका बासिन्दा सम्झन्छन् । स्थापनाकालदेखि नै तत्कालीन सरकारले यसको रेखदेख र व्यवस्थापन त्यतिखेरका बडाहाकिमलाई तोकेको थियो । पछि अञ्चलाधीश र २०४७ यता जिल्ला प्रशासन कार्यालयको जिम्मेवारीमा रहने व्यवस्था २०६८ सम्म रह्यो । त्यसयता राष्ट्रिय सहकारी विकास बोर्ड अभिभावकत्वको यो संस्था अब राष्ट्रिय सहकारी नियमन प्राधिकरणअन्तर्गत रहने प्रस्ताव छ । खासमा जिल्लामा सरकारका मुख्य प्रतिनिधिका हैसियतमा प्रमुख जिल्ला अधिकारी गाई गौशाला सञ्चालक बोर्डको अध्यक्ष रहने प्रावधान हटेपछि स्थानीय रुपमा अभिभावकत्व गर्ने कोही नहुँदा यहाँको मनपरी झन् बढेको गौशालाका स्थानीय बताउँछन् । गौशाला र निगौलमा गरी ६ वटा गोठमा भरिभराउ रहने गाई अहिले तीनवटा गोठमा खुम्चिएका छन् । २०६८ सालसम्म यहाँ गाईको सङ्ख्या झन्डै ५०० को हाराहारीमा रहेकामा अहिले यो सङ्ख्या १०० मुनि खुम्चेको छ । 'गाईले राम्ररी खान पाएका छैनन्,' गौशाला नगरप्रमुख डा. दीपेन्द्र महतो भन्छन्, 'सङ्घीय सरकारले यसको निदानमा पहिलो तत्परता देखाउन पर्छ ।' निगौल गाई गौशालासँग भएको जग्गाको वैधानिक स्वामित्व, गोठ र भवनहरुसहितका संरचना व्यवस्थित गर्नसके यो ठाउँ धार्मिक पर्यटन र आर्थिक उपार्जनका लागि उर्वर बन्न सक्ने आपूmसँग कार्ययोजना रहेको डा. महतोको भनाइ छ । नगरप्रमुख महतोले स्वामित्वसहितको जिम्मेवारी दिन अड्चन भए व्यवस्थापनको जिम्मा मात्र दिए पनि नगरपालिकाले यसको सम्भार गर्ने प्रतिबद्धता जनाएको बताए । निगौल गाई गौशाला सञ्चालनका लागि अहिले पनि स्रेस्तामा १४८ बिघा जग्गा छ । गौशाला दरभङ्गा महाराजबाट उपहारमा प्राप्त नासो भएकाले यसको अतिक्रमित जग्गा स्वामित्वमा फर्काउन सङ्कल्पसहितको योजना चाहिने गौशाला–२ निगौलकै बासिन्दा रहेका महोत्तरी–१ का प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी बताउँछन् । यता गौशालाका सर्वसाधारण गाई गौशालाको पूर्वस्थिति फर्काउन तीनै तहका सरकारको समन्वयात्मक पहलकदमी हुनपर्नेमा उनको जोड छ । गौशालामा अहिले पनि राष्ट्रिय सहकारी बोर्डले पठाएका ज्यालादारीसहित ३० जना कर्मचारी छन् । आपूm २०७९ साउनमा जिम्मेवारीमा आउँदा ७० लाखभन्दा माथि रहेको कार्यालयले तिर्नुपर्ने बक्यौता खेतीपातीबाटै भएको आम्दानीबाट तिरेर २४ लाखमा झारेको अहिलेका कार्यालय प्रमुख वीरबहादुर चौधरी भन्छन्, 'तर आर्थिक अवस्था भने फेरिएको छैन ।' यता, गौशालाले पाउनुपर्ने रकम नआएको उनको गुनासो छ । गौशालाले पोखरी ठेक्का र बाली ठेक्काबाट ७९ लाख करिब पाउनुपर्ने रकम ठेकदारबाट नपाउँदा आर्थिक समस्या झेल्नु परेको चौधरीले बताए । गाई गौशालाको नाउँमा १४८ बिघा जग्गामध्ये राजनीतिक क्षेत्रबाट संरक्षित व्यक्तिहरुबाट झन्डै ५० बिघा जति अतिक्रमणको चपेटामा परेको जनाइएको छ । यो अतिक्रमण गरिएका जग्गामा घर ठडिएका छन् । जग्गामध्येमा १० बिघामा गाई गोठ, नौ÷नौ बिघामा पोखरी र पूm लबारी र करिब ५६÷५७ बिघाजति खेतीयोग्य जग्गा छ ।

# वर्षा लागेपछि त्रासमा बस्छन् वाग्मती किनारका बासिन्दा

**सर्लाही ।**
उत्तरमा चुरे सिरानी हालेको सर्लाहीको पश्चिममा रौतहटसँगको सिमाना वाग्मती नदीले छुट्याएको छ । चुरेको खोच छिचोल्दै निस्कने वाग्मती बहावले वर्षाको समयमा नदी किनारका गाउँको उठिबास लगाउने गरेको छ । खोलामा बाढी आउँदा कैयौँपटक थातथलो छाडेर भाग्नुपरेको अनुभव यहाँका स्थानीयको मानसपटलमा आज पनि ताजै छ । सर्लाहीको बसवरिया गाउँपालिका–२ मानपुरका ६५ वर्षीय रामसेवक महतोले प्रत्येक बर्खामा यहाँ बाढी आउने भन्दै मनसुन शुरु भएसँगै बाढीको त्रास बढ्न थालेको बताए । 'वर्षा शुरु भएपछि रातभरि राम्रोसँग निन्द्रा लाग्दैन', उनले भने, 'गत वर्ष खोलाले दुई÷तीन स्थानमा ड्याम फुटायो । पानी गाउँमा पस्न थालेपछि भागेर ज्यान जोगाएका थियौँ ।' आकाश गड्याङगुडुङ गर्न थालेपछि पशुचौपाया खोलेर गाउँतिर लाग्ने गरेको उनले अनुभव सुनाए । गत वर्ष वाग्मतीमा आएको बाढीले बसवरियाको मानपुर क्षेत्र, रामनगर गाउँपालिका र बलरा नगरपालिकाको पश्चिम दक्षिण क्षेत्र प्रभावित भएको थियो । वर्षाको भेल गाउँ र खेतमा पसेपछि स्थानीय विस्थापित भएका रामनगर–१ का वडाध्यक्ष दिनेश यादवले बताए । जिल्लाको दक्षिण क्षेत्रमा पुगेपछि वाग्मतीसँग मिसिने अन्य सहायक नदीले स्थानीयलाई दुःख दिने गरेको उनको भनाइ छ । रामनगर–१ छर्की टोलका विश्वनाथ मुखियाले गत वर्ष वाग्मती नदी गाउँ पस्दा एक साता बढीसम्म डुबानमा परेको जानकारी दिए । उनले भने, 'फुसको छानो र खर लिपेर भित्ता बनाइएको घर बाढीले बगाइदिएपछि विस्थापित भएका थियौँ ।' उनलाई गत वर्षको दुःख सकिए पनि यस वर्ष उस्तै सास्ती बेहोर्नुपर्ने हो कि भन्ने चिन्ताले सताउन थालेको छ । 'चुनावका बेला भोट माग्न आउने नेताको अनुहार देख्न नपाएको धेरै भयो, यो वर्षको बर्खामा बाढीले कति बितण्डा बच्चाउने हो भन्ने चिन्ता लाग्छ', उहाँले गुनासो पोखे । चुरेको काखमा वाग्मती खुम्चिएर बगेको भए पनि जतिजति दक्षिण गयो उति फैलिँदै गएको छ । नेपाल छाडेर भारत प्रवेश गर्ने स्थानसम्म पुग्दा वाग्मतीले आफ्नो क्षेत्र फैलाएर झण्डै तीन किलोमिटरभन्दा बढी फराकिलो बनाएको छ । 'वाग्मतीमा आएको वर्षाको भेल खेलाबाटभन्दा बढी खेत र बस्ती हुँदै बग्ने गर्छ', बलरा–१ का हरिशरण कापरले भने । वाग्मतीको बाढीले उनको गत वर्ष खाने अन्नसमेत बगाएर लगेको थियो । स्थानीय सरकारले समयमा बाढी रोकथामका लागि प्रभावकारी तयारी नगर्दा बर्सेनि सास्ती हुने गरेको उनको भनाइ छ । विपद् व्यवस्थापनका नाममा समस्या भइसकेपछि राहत वितरण गर्नुभन्दा समयमै षति न्यूनीकरणका उपायबारे पहल गर्नुपर्नेमा उनले जोड दिए । खोलाले खोल्नसक्ने क्षेत्रमा बाँधको निर्माण तथा मर्मत, सम्भावित जोखिमको आँकलन र पूर्वतयारी गर्ने हो भने यस क्षेत्रका नागरिकले सधैँ विचल्ली हुन नपर्ने उनको भनाइ छ । विपद् पूर्व तयारीमा स्थानीय पालिकाले सरोकार भएका निकायसँग छलफल गरी क्षति न्यूनीकरणको प्रयास थालिएको बताएका छन् । नागरिकको जिउधनको रक्षालाई पालिकाले पहिलो प्राथमिकतामा राखेको स्थानीयले जनप्रतिनिधिले बताएका हुन् । बलरा नगरपालिकाका प्रमुख रामा शङ्करप्रसाद कुशवाहाले सशस्त्र प्रहरी र नेपाल प्रहरीसँगको सहकार्यमा उद्धार स्वयंसेवक तालिम सञ्चालन गरिएको बताए । विपद्का समयमा स्थानीय युवा परिचालन गर्न सकिनेगरी सुरक्षाकर्मीलाई तालिम प्रदान गरिएको उनको भनाइ छ । 'बाढी, डुबान तथा आगलागीका घटनामा स्थानीय युवा अगाडि हुन्छन्', प्रमुख कुशवाहाले भने, 'उहाँहरूलाई हामीले सामान्य आत्मरक्षा र जिउधनको सुरक्षा अपनाउन सकिने उपायका बारेमा जानकारी दिनसके मात्र ठूलो जनधनको क्षति रोक्न सक्छौँ । सोहीअनुरूप सुरक्षा निकायसँग समन्वय गरेर तालिम प्रदान गरिरहेका छौँ ।' गत वर्ष असारमा वाग्मतीमा आएको बाढीले जिल्लाका बलरा नगरपालिका, रामनगर, धन्कौल तथा बसवरिया गाउँपालिकाका अधिकांश वडा प्रभावित बनेका थिए । डुबानले यस क्षेत्रमा, खानेपानीको समस्या तथा शैक्षिक संस्था हप्तौँसम्म सञ्चालन हुननसकेको स्थानीय स्थानीय सञ्चारकर्मी जितेश यादवले बताए । नेपालबाट ठूलो क्षेत्रमा फैलिएर गएको वाग्मती नदीलाई भारतले सीमा क्षेत्रबाटै दुवैतर्फ ड्याम कसेर नियन्त्रण गरेको छ । जसले गर्दा स्वतन्त्र ढङ्गले पानी बग्न नपाउँदा वर्षाको बाढी नेपालतर्फ फर्कने गरेको हो । भारत सरकारले सीमा क्षेत्रमा निर्माण गरेको एसएसबी रोडका कारण चुरेबाट शुरु भएका खहरेले अवरुद्ध हुँदै नेपाली भूमिमा क्षति गरिरहेको स्थानीयको गुनासो छ । रासस




## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यालय, वीरगंजको
## धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रिको ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/११/१३ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०३/०४ गते बुधवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी, फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

क) औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ र औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ , उद्योग, पर्यटन तथा वन मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय,पर्सा, विरगंजमा दर्ता मिति २०७९/०४/३० गते दर्ता भै उधोग दर्ता नं.१४८९३/०७९/८०, अन्तर्गत दर्ता कायम भई कालिकामाई गा.पा. ०२, पर्सामा कार्यालय रहेको **श्री स्वेता कृषि फर्म ।**

**ख)** सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला, पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने ( ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.,पर्सा) बर्ष ५६ को **राजेश कुमार चौरसीया ।**

**२) कर्जाको प्रकार:-व्यवसायीक आवधिक कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा , व्यक्तिगत आवधिक कर्जा,**

**३) कर्जाको सुरक्षण विवरण:**

**क)** सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.पर्सा) बर्ष ५६ को राजेश कुमार चौरसीयाको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा मुडली नौ.त.ज. वडा नं ०७ स्थित किता नं **६७१ र ६३९** को जम्मा क्षेत्रफल क्रमशः **००९०१.८४ र ००८३७.०० वर्ग मिटर** को जग्गा ।

**ख)** सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२ हाल जिल्ला पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने ( ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.पर्सा) बर्ष ५६ को राजेश कुमार चौरसीयाको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा नगवा वडा नं ०२ स्थित किता नं **१२०१ र** जिल्ला पर्सा हरिहरपुर वडा नं ०१ स्थित किता नं. **३७७** को जम्मा क्षेत्रफल क्रमशः **१७९.८८ र २५७०.०० वर्ग मिटर** को घरजग्गा ।

**४) व्यक्तिगत जमानीकर्ताहरु :**

**क)** जयनारायण प्रसाद चौरसियाको बुहारी ,राजेश कुमार चौरसीयाको पत्नि, जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. ३४३०१६/९७,जारी मिती २०६४/०१/०९ जि.प्र.का.,पर्सा) बर्ष ५० की **कल्पना देवि चौरसिया ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असार ०३ गते मंगलबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असार ०४ गते बुधबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# ढल्केवरमा कबुलियती वन कार्ययोजना कार्यान्वयन विषयक गोष्ठी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारअन्तर्गत ‘समृद्धिको लागि वन परियोजना’ अन्तर्गत कबुलियती वन कार्ययोजनाको कार्यान्वयन सम्बन्धी दुईदिने गोष्ठी धनुषा जिल्लाको ढल्केवरमा शुरु भएको छ । प्रदेश परियोजना व्यवस्थापन इकाई, जनकपुरधामको आयोजनामा तथा डिभिजन वन कार्यालय धनुषाको समन्वयमा कार्यक्रम सञ्चालन गरिएको हो । गोष्ठीमा कबुलियती वनका प्रतिनिधिहरू, स्थानीय निकायका जनप्रतिनिधि, वन विज्ञ र सरोकारवालाहरूको उपस्थिति रहेको छ । सहभागीहरूले वन क्षेत्रको संरक्षण, स्थानीय समुदायको सहभागिता, स्रोत व्यवस्थापन र दिगो विकासका विषयमा आ–आफ्ना धारणा राखे । कार्यक्रममा बोल्ने वक्ताहरूले कबुलियती वनलाई वातावरणीय सन्तुलन कायम राख्ने, ग्रामीण आय आर्जनको स्रोत बनाउने र जैविक विविधताको संरक्षणमा महत्वपूर्ण भूमिका रहने बताए । उनीहरूले वन योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय स्तरमै निगरानी र पारदर्शिता आवश्यक रहेकोमा जोड दिए । गोष्ठीमार्फत कार्ययोजना कार्यान्वयनको प्रक्रिया, चुनौती र समाधानका उपायहरूबारे विस्तृत छलफल गरिएको आयोजकले जानकारी दिएको छ । मधेश प्रदेश सरकारले वन क्षेत्रमा दिगो उपयोग, संरक्षण र आर्थिक विकासलाई जोड दिँदै विभिन्न जिल्लामा यस्ता कार्यक्रमहरू विस्तार गरिरहेको छ ।

# प्रचण्ड गर्मीका कारण रौतहटको जनजीवन कष्टकर बन्दै

**राकेश यादव**
**रौतहट ।**
बिगत केहि दिनदेखि बढेको अत्यधिक गर्मीका कारण रौतहट लगायत तराईका जिल्लाहरुमा जनजीवन प्रभावित भएको छ । बिहानदेखि लाग्ने चर्को घाम र तातो हावाका कारण सर्वसाधारण मानिसदेखि जिवजन्तु समेत प्रभावित भएका हुन् । जेठ महिनामा कृषि कार्यदेखि विकास निर्माणका कार्यको चटारो रहेको बेला बढेको अत्यधिक गर्मीका कारण काम गरेर जीविक बिताउने श्रमिक मजदुरहरू पनि समस्यामा परेका छन् । गर्मीका कारण घर बाहिर निस्किन गार्हो भएको स्थानीय उमेश यादवले बताए । लगातार सूर्यको तापको कारण घर बाहिर कृषि लगायतको काम गर्न गार्हो भइरहेको उनको भनाइ छ । गर्मीका कारण विद्यालयमा अध्यन गर्ने बालबालिका पनि प्रभावित बनेका छन् भने बाटो हिँड्ने बटुवालाई लु लाग्ने उच्च जोखिम समेत देखिएको छ । दिउँसोको समयमा सडक सुनसान देखिने गरेको छ । अचानक बढेको गर्मीले रौतहट जिल्लाको सदरमुकाम गौरस्थित सरकारी कार्यालयमा काम गराउन आउने सेवाग्राहीहरुको संख्यामा पनि कमी आएको देखिएको छ । दिनहुँ भिड लाग्ने रौतहट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतका कार्यालयहरुमा चहलपहमा कमी आएको हो । गर्मी अधिक बढेपछि वीरगंजमा सामुदायिक विद्यालयमा केहि दिनको लागि विदा समेत दिइएको छ ।
रौतहटमा अहिले निजी तथा सामुदायिक विद्यालयहरू संचालन अवस्थामा रहेको छ । गौर प्रादेशिक अस्पतालका चिकित्सकले बढ्दै गएको गर्मीको मौसममा बिहान र बेलुका हिँड्नु पर्ने र हिँड्दा छाताको प्रयोग गर्नु पर्ने सुझाव दिएका छन् । गर्मीमा बिशालु सर्पको बिगबिगी हुने भएकोले सुत्दा र हिँड्दा सावधानी अपनाउनु पर्ने चिकित्सकहरुको सुझाव छ । रौतहटमा तापक्रम ४० डिग्री सेल्सियस रहने गरेको कारण घरमा बस्दा पनि शरीरबाट पसिना आउने गरेको छ । अहिले खेत जोत्ने बेला भएकोले किसाहरुलाई धेरै समस्या भएको स्थानीय किसान राजेन्द्र राले बताए । छरिएको धानको बीउलाई जोगाउन चिन्ताको बिषय भएको उनको भनाइ छ । हल्का पानी परेमा बीउ सप्रिने गर्छ, घाम लागे बीउमा बिभिन्न किसिमका रोग लाग्ने बढी सम्भावना रहने जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# मधेश प्रदेशमा आज सार्वजनिक बिदा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कवि तथा समाज सुधारक कबिर दासको जयन्तीको अवसरमा मधेश प्रदेश सरकारले आज सार्वजनिक बिदा दिएको छ ।
प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै बुधबार प्रदेशभर सार्वजनिक बिदा रहने जानकारी दिएको हो ।
विज्ञप्तिमा कबिर दासले समाजमा समानता, धार्मिक सहिष्णुता र मानव कल्याणको सन्देश दिएको उल्लेख गर्दै उनको योगदानलाई स्मरण गर्दै बिदा दिइएको उल्लेख गरिएको छ ।
कबिर दासको जन्म जयन्ती हरेक वर्ष भारतसहित नेपालका केही क्षेत्रमा समेत सांस्कृतिक श्रद्धाका साथ मनाइने गरिन्छ । मधेश प्रदेशमा समेत कबिर पन्थी समुदायको उल्लेख्य उपस्थिति रहेका कारण प्रदेश सरकारले यस अवसरमा सार्वजनिक बिदा दिने गरेको हो ।




# नेपाल किसान महासंघ धनुषाको चौथो अधिवेशन सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल किसान महासंघ धनुषा जिल्लाको चौथो जिल्ला अधिवेशन जनकपुरधाममा सम्पन्न भएको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य पूर्वमन्त्री तथा राष्ट्रिय सभा सदस्य आनन्द प्रसाद ढुंगानाको प्रमुख आतिथ्य र नेपाली कांग्रेसका सहमहामन्त्री तथा पूर्वमन्त्री महेन्द्र यादवको विशिष्ट आतिथ्यमा सम्पन्न अधिवेशनमा विभिन्न तहका नेताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि ढुंगानाले देशको समृद्धि किसानको समृद्धिसँग जोडिएको उल्लेख गर्दै कृषिमा वैज्ञानिक दृष्टिकोण र प्रविधिको समावेश आवश्यक भएको धारणा राखे ।
‘सरकारको नीतिहरूले किसानलाई राहत दिनुपर्छ, कृषिमा लगानी बढाउनुपर्छ,’ उनले भने । विशिष्ट अतिथि महेन्द्र यादवले किसान महासंघलाई कांग्रेसको मूल शक्तिका रूपमा वर्णन गर्दै किसानको हक र अधिकारको पक्षमा सशक्त आवाज उठाउन संगठनलाई आग्रह गरे । उनले जलवायु परिवर्तन, सिँचाइको अभाव र मल–बीउको अनियमित आपूर्तिलाई अहिलेको प्रमुख चुनौतीका रूपमा औंल्याए ।
अधिवेशनमा पूर्वमन्त्री रामसरोज यादव, सांसद कुमरकान्त झा लगायतका नेताहरूले कृषिमा सुधारका लागि नीतिगत हस्तक्षेप आवश्यक रहेको बताएका थिए ।
उनीहरूले किसानको जीवनस्तर सुधार्न तीन तहका सरकारबीच समन्वय गरी योजनाबद्ध कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला, पालिका तथा वडास्तरीय नेताहरू, महासंघका प्रतिनिधि, किसानहरू तथा सर्वसाधारणको समेत उल्लेखनीय उपस्थिति रहेको थियो । अधिवेशनबाट महासंघको नयाँ जिल्ला कार्यसमिति चयन प्रक्रिया शुरु गरिने जनाइएको छ । किसानहरूको हकहितको रक्षाका लागि नयाँ नेतृत्वले थप प्रभावकारी पहल गर्ने विश्वास लिइएको छ ।

# प्रहरी र परिवारजनलाई उपचारमा ५० प्रतिशतसम्म छुट

**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मडिकल कलेज वीरगंजले नेपाल प्रहरी, भूतपूर्व प्रहरी र प्रहरीका परिवारहरुलाई स्वास्थ्य सेवा विशेष छुट उपलब्ध गराउने भएको छ । छुट प्रदान गर्नको लागि नेशनल मेडिकल कलेज र जिल्ला प्रहरी कार्यालय, पर्साबीच दुईपक्षिय सम्झौता भएको छ ।
सम्पन्न सम्झौता अनुसार नेपाल प्रहरीमा कार्यरत बहालवाला, भूतपूर्व नेपाल प्रहरी कर्मचारीहरु तथा उनका आश्रित परिवारजनहरुलाई विभिन्न स्वास्थ्य उपचार सेवामा शुल्क छुट सुविधा उपलब्ध गराइने छ । सम्झौतामा मेडिकल कलेजको तर्फबाट कलेजका प्रबन्धक शहानवाज अन्सारी र नेपाल प्रहरीको तर्फबाट जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक गौतम मिश्रले हस्ताक्षर गरेका छन् । अस्पताले स्वास्थ्य सुविधा अन्तर्गत नेपाल प्रहरीमा कार्यरत बहालवाला, भूतपूर्व नेपाल प्रहरी कर्मचारीहरु तथा उनका आश्रित परिवारजनहरुलाई ८ देखि ५० प्रतिशतसम्म छुट प्रदान गर्ने नेशनल मेडिकल कलेजका प्रबन्धक शाहनवाज अंसारीले जानकारी दिए । उनका अनुसार अस्पताले बहालवाला नेपाल प्रहरीलाई ओपिडि टिकटमा ५० प्रतिशत, बेड, केविन, आइसियु, एनआईसियु, पिआईसियु बेड चार्जमा २५ प्रतिशत, भिडियो एक्स–रे, एक्स–रे, इसिजि लगायतको सेवामा पनि २५ प्रतिशत छुट प्रदान गर्ने छ । यसैगरी, भूतपूर्व नेपाल प्रहरी कर्मचारीहरु र उनीहरुका आश्रित परिवारजनहरुलाई समेत ओपिडि टिकटमा ५० प्रतिशत, बेड, केविन, आइसियु, एनआईसियु, पिआईसियु बेड चार्जमा २० प्रतिशत, भिडियो एक्स–रे, एक्स–रे, इसिजि लगायतको सेवामा पनि २० प्रतिशत छुट प्रदान गरिने अस्पतालले जनाएको छ । सो अवसरमा कलेजमा सञ्चालक प्रो.डा. जैनुदिन अन्सारी, मार्केटिङ तथा एडमिसन निर्देशक आविद हुसैन अन्सारी, प्रहरी नायब उपरिक्षक सुवास भट्ट लगायतको पनि उपस्थिती रहेको थियो ।

# पिपरामा शैक्षिक सुधारका लागि प्रारम्भिक प्रतिवेदन बुझाइयो



**मधेशदृष्टि**
**महोत्तरी ।**
पिपरा गाउँपालिकामा शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि गठित कार्यदलले प्रारम्भिक प्रतिवेदन गाउँपालिका अध्यक्ष रामजानकी यादवसमक्ष बुझाएको छ । कार्यदलले पिपरा गाउँपालिकाभित्र रहेका १६ वटा सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था बारे वस्तुगत, सूक्ष्म र गहन अध्ययन गर्दै तयार पारेको उक्त प्रतिवेदन आगामी आर्थिक वर्ष २०८२÷०८३ का लागि आयोजना हुने गाउँ अधिवेशनमा प्रस्तुत गरिनेछ । प्रारम्भिक प्रतिवेदनमा विद्यालयहरूको वर्तमान स्थिति, शैक्षिक उपलब्धि, संरचनागत समस्या, स्रोत अभाव, व्यवस्थापन पक्ष तथा शिक्षक अभावजस्ता विषय समेटिएको छ ।
साथै, शिक्षाको गुणस्तर वृद्धिका लागि आवश्यक सुझाव र सल्लाहहरू पनि प्रतिवेदनमा समावेश गरिएको कार्यदलले जनाएको छ । कार्यदलका अनुसार विभिन्न चुनौतीका बाबजुद विस्तृत प्रतिवेदनको तयारी कार्य प्रगतिमा छ । चाँडै अन्तिम प्रतिवेदनसमेत सार्वजनिक गरिनेछ । गाउँपालिकाले शिक्षा सुधारलाई उच्च प्राथमिकता दिँदै आएको जनाउँदै अध्यक्ष यादवले प्रारम्भिक प्रतिवेदन अध्ययनपछि आवश्यक निर्णय लिइने जानकारी दिएका छन् ।

# सतलोक आश्रममा १५ जोडीको सामूहिक विवाह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दाइजो प्रथाजस्तो पुरातन र हानिकारक सामाजिक परम्पराले गहिरो प्रभाव जमाएको मधेश प्रदेशमै एउटा ऐतिहासिक र सकारात्मक पहल देखिएको छ । मिथिला नगरपालिका–२ बेलाचापीस्थित सतलोक आश्रममा ६२८औँ कबीर प्रकट दिवस को अवसरमा एकै मञ्चमा १५ नव जोडीको दाइजोमुक्त आदर्श विवाह सम्पन्न भएको छ । तीन दिवसीय महोत्सवअन्तर्गत मंगलवार सम्पन्न वैवाहिक कार्यक्रम जम्मा १७ मिनेटमै सम्पन्न गरिएको आश्रमले जानकारी दिएको छ । वैवाहिक प्रक्रिया ‘असुर निकन्द रमैणी’ भनिने गुरुवाणीका धार्मिक मन्त्रहरू उच्चारणसहित सम्पन्न भएको हो ।
सामूहिक विवाहमा सहभागी भएका १५ जोडीमध्ये ९ जोडी नेपालका तथा ६ जोडी छिमेकी भारत, बिहार राज्यका थिए । जातीय सीमाभन्दा माथि उठेर गरिएको यो विवाह अन्तरजातीय स्वरूपको पनि छ । सतलोक आश्रमले विगत केही वर्षदेखि निरन्तर रूपमा यस्ता दाइजोमुक्त सामूहिक विवाह कार्यक्रम सञ्चालन गर्दै आएको छ । सतलोक आश्रममा अपनाइएको रमैणी विधि मिथिला क्षेत्रको परम्परागत तर दाइजोविहीन र आध्यात्मिक रूपमा मान्यता प्राप्त विवाह पद्धति हो । यस विधिमा कुनै तामझाम, भोजभतेर वा दाइजोको अपेक्षा राखिँदैन । यसले गर्दा गरिब, मध्यम वर्गीय वा समान सोच राख्ने परिवारहरूका लागि विवाह गराउनु सहज हुने गरेको छ । सतलोक आश्रमका एक प्रतिनिधिका अनुसार विवाह गर्न चाहने जोडीहरूलाई अभिभावकहरूको सहमति, सामाजिक स्वीकृति र धार्मिक विधिका आधारमा मात्र विवाह गराइन्छ ।
उनले भने, ‘हामी विवाहलाई धर्म, समाज र व्यवहार सुधारसँग जोडेर हेर्छौं । समाजमा फैलिएको दाइजो प्रथा, जातीय भेदभाव र आर्थिक देखावटी प्रतिस्पर्धाविरुद्ध व्यवहारमै क्रान्ति ल्याउने हाम्रो उद्देश्य छ ।’ विवाहसँगै सतलोक आश्रममा कबीर प्रकट दिवसको अवसरमा विविध धार्मिक, सामाजिक र सेवामूलक कार्यक्रमहरू पनि सञ्चालन गरिएको छ । आश्रमका अनुसार महोत्सवअन्तर्गत सन्त गरीबदास जी महाराजको अमरवाणीको अखण्ड पाठ, विशाल भण्डारा (निःशुल्क भोजन), रक्तदान शिविर र विशाल सत्सङ्ग जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन् । रक्तदान शिविरमा ६८ युनिटभन्दा बढी रक्तदान भएको जानकारी दिइएको छ ।

सम्पादकीय

# राजविराजमा रमिता छ, जनताका नाममा जात्रा छ

*देशकै पहिलो व्यवस्थित शहरको परिचय बोकेको सप्तरीको राजविराजले राजविराजदेखि मधेश र देशमा आफ्नो फरकपन दिइरहेको छ । त्यहीँका उपेन्द्र यादव, त्यहीँ उदाएका डा. सिके राउत, मधेश आन्दोलनको कपिराइट भन्ने जनता समाजवादी पार्टी नेपाल र राजविराज गृहभूमि सबैको । त्यही राजविराजका स्थानीय लालपूर्जा माग्दै वर्षौंदेखि आन्दोलनरत छन् । त्यही राजविराज नगरपालिकामा एउटा कर्मचारीले सबैलाई त्राहिमाम हुने गरी थर्काउँछन् । त्यहीँका मेयर अघिल्लो पालाका ठेकेदार भएकाले अख्तियारको मुद्दामा परेर निलम्बनमा छन् र उनले नै निलम्बनमा भए पनि नगरपालिकाको स्रोतसाधनमा हालिमुहाली गर्न नपाएपछि आन्दोलन गराएका छन् त्यो पनि उपमेयर अर्थात् कार्यबाहक मेयरका विरुद्ध।*

*भनेका छन्, यो जनताको आन्दोलन हो । मेयर र कार्यबाहक मेयरको लडाईंमा नगरपालिका तोडफोड भएको छ । भनिरहेका छन्, जनताले सेवा पाउनु पर्छ भनेर मैले आन्दोलन गर्न नपाउने ? राजविराजको यो जात्रा देशभर चर्चामा छ । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके राउतको पनि जिल्ला भएकाले चर्चा हुने नै भयो । राजविराजका मेयर र कार्यबाहक मेयर दुवै जनता समाजवादी पार्टी नेपालबाट जितेकाले अरु पार्टीलाई त झन यो झगडा उत्सव नै हुने भयो । एउटा पार्टीका निलम्बित र कार्यबाहक आन्दोलनमा उत्रिएर नगरपालिका तोडफोड भएपछि अब राजविराजका जनता नगरपालिका जाँदा पनि टाउको फुट्ला भन्ने डर छ।*

*राजविराजको रमिता र जनताको नाममा जात्रा, भ्रष्टाचार गर्न पाइनँ भनेर रोककराइ र गर्नेहरुको पनि स्वर ठूलो । त्यहीँ छन् फेरि मधेश बदल्छु भन्ने नेताहरु । जे होस्, अचेल प्लेन त चल्छ कि चल्दैन ? एकपटक बसको टिकट काटेर राजविराजको रमिता हेर्न जाने पो हो कि ? यस्तो जात्राले राजविराज अझ पछाडि पार्न सबै हातेमालो गरेका लागेका छन् । यस्तो जात्रा त हेर्नपर्छ।*

# अख्तियारको परिधिमा पूर्वप्रधानमन्त्री



श्रीमन नारायण

पतन्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालसँग सम्बन्धित जग्गा हिनामिना प्रकरणमा दायर मुद्दाले राजनीतिक र प्रशासनिक क्षेमा अवश्य पनि एउटा तरंग ल्याएको छ । नेकपा एकीकृत समाजवादीका अध्यक्ष, भूतपूर्व प्रधानमन्त्री र देशका वरिष्ठ एवम् अनुभवी राजनीतिज्ञ माधवकुमार नेपाल अपेक्षाकृत इमानदार, सिद्धान्तवादी र सम्मानित नेताका रुपमा ख्याति हासिल गरेका थिए तर यस घटनाले उनको निष्कलंक राजनीतिक यात्रा र स्वच्छ छविमाथि प्रश्नचिन्ह खडा भएको छ।

भोलि उनी विशेष अदालतबाट अथवा सर्वोच्च अदालतबाट सफाइ पाए पनि अहिले उनले भोगिरहेको मानसिक कष्टको भर्पाइ हुनसक्ने छैन। कसैको बदनामी एक हजार गुणाले तीव्रताले हुन्छ भन्ने सफाइ पाएको सन्देश एक प्रतिशतको गतिमा पनि बढेको हुँदैन । वर्तमानको गठबन्धन सरकारले बडो सुनियोजित रुपमा माधवकुमार नेपाललाई आफनो लक्ष्य बनाएको छ । यसको निहितार्थलाई बुझ्नु आवश्यक छ।

नेपालमा बहुदलीय व्यवस्था पुनः स्थापनापछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रीपरिषद निर्णयकै आधारमा प्रधानमन्त्रीविरुद्ध पहिलोपटक भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्यियारको यस कदमले एकातिर सुशासन र जवाफदेहिताको आशा जगाएको छ भने सैकडाँै यस्ता भ्रष्टाचार र अनियमितताका घटना भएका भए पनि केबल माधवकुमार नेपाललाई मात्रै आरोपित बनाउनुले राजनीतिक प्रतिशोधको आशंकालाई पनि जन्म दिएको छ। अख्यियारको यस कदमले नेकपा एकीकृत समाजवादीमा पनि संशयलाई जन्म दिएको छ । अख्यियारको यस कदमले नेकपा एकीकृत समाजवादीमा पार्टी विभाजनको परिस्थिति उत्पन्न हुनेछ भने अर्कोतिर नेकपा एमालेलाई एकजुट पार्ने अभियानमा लागेकी पूर्वराष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको विश्वसनियतामाथि पनि प्रश्नचिन्ह उठनेछ । संघीय संसदमा गृहमन्त्रीको राजीनामाको चर्को माग गर्दै आएका विपक्षी राजनीतिक दलहरु पनि अब ब्याकफुटमा आउन बाध्य हुनेछन् भने भोलिका दिनमा माओवादी लडाकुको शिविरको हिसाबकिताबलाई पनि बहाना बनाइ नेकपा माओवादी केन्द्रमाथि प्रहार हुनसक्ने सम्भावनालाई खारेज गर्न सकिन्छ। सशस्त्र संघर्षकालीन कतिपय मुद्दालाई पनि सरकारले ब्यँुताउन सक्दछ। नेकपा माओवादी केन्द्रको घाँटीको नशामाथि कसरी चोट पुऱ्याउन सकिन्छ भन्ने कुरा पनि नेकपा एमालेलाई थाहा छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध दायर मुद्दा राजनीतिक प्रतिशोध मात्रै हो वा प्रणालीगत सुधारतर्फ लिइएको कठोर कदम ? यसबारे थरिथरिका मत सार्वजनिक भइरहेका छन्।

माधवकुमार नेपालमाथि लागेको आरोपको छानबिनपश्चात् नै केही वर्षअघि पनि उनीमाथि मुद्दा चलाउने प्रयास नभएको होइन तर सरकारले नै त्यसलाई मुद्दा चलाउन लायक आवश्यक प्रमाण वा आधार नभएको भन्दै अख्तियारले पनि त्यसलाई तामेलीमा राख्ने निर्णय ग¥यो। अख्तियार र सरकार दुवैको सहमतिमा त्यसलाई तामेलीमा राख्ने निर्णय भएको थियो। कुनै पनि राजनीतिक प्रवृत्तिका अपराध वा भ्रष्टाचारसम्बन्धी मुद्दाको टुङ्गो नलगाई तामेलीमा पठाउनुको उद्देश्य नै सरकारले आवश्यकताअनुसार त्यसको उपयोग गर्नु हो । अहिले देशमा सरकारविरोधी जनमत तीव्र गतिमा बढेको छ । आक्रोशित जनता भ्रष्टाचारको विरोधमा सडकमा आउन थालेका छन् । सरकारका गृहमन्त्रीमाथि अवैध भिसा प्रकरणको भ्रष्टाचार गरेको आरोप लाग्दै आएका छन् । गठबन्धन सरकारका गृहमन्त्री रमेश लेखकले पदबाट राजीनामा दिनुपर्ने माग गर्दै विपक्षी दलहरु संसदमा सरकारलाई अप्ठयारो अवस्थामा ल्याइदिएका छन् । गठबन्धन सरकारले भने कुनै पनि अवस्थामा गृहमन्त्रीको राजीनामा नआउने अडान लिएको छ । माधव नेपालमाथि भ्रष्टाचारको आरोप लाग्नु अथवा उनीमाथि आरोप पत्र दाखिल हुनु चिन्ताको विषय हो।

नेपालको राजनीतिमा भ्रष्टाचारको आरोप सामान्य विषय भइसकेको छ।

माधवकुमार नेपालमाथि जुन आरोप लागेको छ। कमोवस यही अवस्था गिरीबन्धु टिस्टेट प्रकरणमा पनि छ। त्यहाँ पनि साढे तीन सय बिघा जग्गा अवैध तरिकाले दिइएको र पछि गएर गिरीबन्धु टि स्टेटले त्यो जग्गा बिक्री गरेको आरोप पनि छ । एकातिर देशमा उद्योगधन्दा नलागिरहेको आरोप लगाइन्छ । अर्कोतिर उद्योगधन्दा लगाउने मनसायले केही ठोस एवम् प्रभावकारी पाइला चाल्ने काम भयो भने त्यसमा अवरोध खडा गर्ने काम गरिन्छ । उद्योगधन्दा शुरु भएबाट सरकारलाई मोटो रकम करको रुपमा प्राप्त हुने गर्दछ । युवाले रोजगारी प्राप्त गर्नेछन् । किसान आफ्नो बच्चा, माता सामानलाई सही तरिकाले उपयोग गर्न सक्दछन् । यसबाट किसानलाई आर्थिक उपार्जन पनि हुन सक्दछ । उद्योगधन्दा स्थापनाको लागि खासगरिकन विदेशी लगानीकर्तालाई देशमा लगानी गर्न तत्अनुसारको हुनु आवश्यक छ । विदेशी लगानीकर्ता र धन उपार्जनकर्तालाई समयसमयमा वातावरण सुविधा उपलब्ध नभए उनीहरु टिक्दैनन् । पतन्जली योगमाथि कारबाही गर्नुको अर्थ तिनको मनोबल कमजोर बनाउनु हो।

विदेशी लगानीकर्तालाई यहाँ जग्गा पनि उपलब्ध नगराउने हो भन्ने कसैले यहाँ किन लगानी गर्ने ? विदेशी आफ्नो खल्तीमा बोकेर अथवा विमानमा राखेर न त जग्गा ल्याउन सक्दछ न त लिएर नै स्वदेश फर्कने छैन। लगानीकर्तालाई जग्गा उपलब्ध गराउन निर्णय लिनु सामान्य प्रकृया हो। हुन त यसअघि यस्ता प्रकरणमा अख्तियार नीतिगत निर्णयमा प्रवेश नगर्ने भन्दै पन्छिने गरेका दृष्टान्त नेता नै दिने गरेका छन् । ललिता निवास प्रकरणजस्ता ठूला भ्रष्टाचार काण्डमा अख्तियारले पूर्व प्रधानमन्त्रीलाई जोगाएको भन्दै आलोचना भएको थियो। जे होस्, नेपालविरुद्धको मुद्दाले भ्रष्टाचारका ठूल्ठूला घटनामा अख्यियारले कारबाही अगाडि बढाउन सक्दछ भन्ने सम्भावना बढेको छ तर के गिरीबन्धु टिस्टेट जग्गा प्रकरण, ओम्नी, बतास, यति, भुटानी शरणार्थी, वाइडवडीलगायतका दर्जनौँ भ्रष्टाचार र अनियमितताका अनेकौँ उदाहरण छन्, जसमाथि अख्तियारले कारबाही गर्न चाहे पनि कतिपय कारणले सफल हुनेछैन । किनभने विगत लामो कालखण्डमा अख्यियारका कतिपय निर्णय निष्पक्ष छानबिनमा केन्द्रित भन्दा सत्ता र शक्तिको प्रभावमा परेर भएका थिए भन्नेको संख्या ठूलो छ। भोलिका दिनमा अख्तियारले अन्य प्रधानमन्त्रीमाथि पनि कारबाही गर्न थालियो भने अवश्य पनि चारैतिर अख्यियारको प्रशंसा हुनेछ।

प्रचलित कानून र अभ्यासविपरीत मन्त्रिपरिषद्को निर्णयका नाममा राज्यको अरु पनि थुप्रै सम्पत्ति हिनामिना गरिएको उजुरी अख्यियारमा छन् । समान प्रकृतिका देखिने प्रकरणमा मन्त्रिपरिषद्को निर्णय भन्दै मुद्दा चलाइएको छैन। अब त अवश्य पनि स्वतन्त्ररुपमा अख्तियारले आफनो पाइला चाल्ने छ । माधवकुमार नेपालले आफू निर्दोष रहेको दाबी गरिरहेका छन् । यदि साँच्चिकै उनीबाट कुनै गलत मनसायले निर्णय भएको छैन भने यस आगोबाट झन उनी परिस्कृत भएर बाहिर आउनेछन्। उनको छवि विवादमुक्त रहिआएकोछ, विवादमुक्त नै रहने अपेक्षा पनि छ।

# एआई साक्षरताको अपरिहार्यता



लिलाराज भट्टराई

मेरी आमा लेखपढ गर्न जान्नुहुन्न तर सामाजिक सञ्जाल फेसबुकमा आफैँ फोटो र स्टाटस लेखेर पोष्ट गर्नुहुन्छ । हातले लेख्न आउँदैन तर मुखले लेख्नुहुन्छ अर्थात् बोलेर लेख्नुहुन्छ । मलाई ग्राफिक डिजाइन पटक्कै आउँदैन तर मलाई आवश्यक पर्ने ग्राफिक डिजाइन म आफैँ बनाउँछु । कहिलेकाहीँ छक्क पर्छु यो मैले नै बनाएको हो त ?

मलाई पोडकाष्ट बनाउने रहर थियो । पूरा हुन पाएको थिएन । अहिले म पोडकाष्ट बनाउँछु । म चाहिँ बोल्दिन । मेरोभन्दा कैयौँ गुणा राम्रो आवाज भएका प्रस्तोता छन्। तर उनीहरु मान्छे होइनन्। एआईले नै पोडकाष्ट बनाइदिन्छ नेपाली भाषामै । कहीँ केही विषयमा प्रस्तुति गर्नुप¥यो भने तुरुन्त मिनेटमा गुणस्तरीय प्रस्तुति तयार गर्छु । यी त साधारण र आधारभूत उदाहरण मात्र हुन् । एआई साक्षर बन्न सक्दा हिजो जान्दै नजानेका, जानेर पनि गर्न नसकेका, गर्दा पनि महिनौँ लाग्ने काम अहिले एआईले मिनेटभरमै गर्न थालेको छ । त्यसैले एआई साक्षरता अहिलेको आवश्यकता हो।

मानव सभ्यताको विकासक्रममा ‘साक्षरता’ को परिभाषा निरन्तर विकसित हुँदै आएको छ। विगतमा अक्षर चिन्ने, पढ्न र लेख्न जान्ने व्यक्तिलाई ‘साक्षर’ भनिन्थ्यो । तर, प्रविधिको द्रूत विकासले यो परम्परागत परिभाषालाई चुनौती दिएको छ । आजको युगमा प्रविधि हाम्रो दैनिक जीवनको अभिन्न अङ्ग बनिसकेको छ । स्मार्टफोनदेखि स्मार्ट घरसम्म, प्रविधिले हाम्रो जीवनशैलीलाई पूर्ण रूपमा रूपान्तरण गरिरहेको छ । यसैले, अब साक्षरताको परिभाषा पनि बदलिएको छ । पढ्न–लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा साक्षर बन्नु अपरिहार्य भएको छ । र, यसको केन्द्रमा छ–आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् कृत्रिम बौद्धिकता।

आगामी दिनहरूमा एआई साक्षरता आवश्यकता मात्र होइन, अनिवार्य बन्ने अवस्था सिर्जना हुँदैछ । अबको जमानामा साँचो साक्षरता भन्नाले डिजिटल र कृत्रिम बौद्धिकताको उपयोग गर्नसक्ने क्षमतालाई मानिनेछ । जसरी विगतमा हाम्रा पुर्खाहरू साक्षर नहुँदा पीडा भोग्नुप¬यो, त्यसैगरी अहिलेका युवापुस्ता एआई साक्षर नबन्दा आगामी केही वर्षमै रोजगारी, शिक्षा र सूचनाका नयाँ ढोकाहरूबाट वञ्चित हुनेछन्।

**एआई के हो ?**

एआई, अङ्ग्रेजी शब्द ‘आर्टिफिसियल इन्टेलिजेन्स’ को सङ्क्षिप्त रूप हो, जसलाई नेपालीमा ‘कृत्रिम बुद्धिमता’ वा ‘कृत्रिम बौद्धिकता’ भनिन्छ । शाब्दिक रूपमा हेर्दा यो मानिसले सिर्जना गरेको बौद्धिकता हो । मानव जाति मात्र यस्तो प्राणी थियो जसमा सिक्ने, बुझ्ने, सोच्ने, विचार गर्ने र निर्णय गर्ने क्षमता थियो । यही क्षमताका कारण मानव सभ्यताले आजको स्वरूप प्राप्त गरेको हो । जब मानिसमा रहेको यही क्षमतालाई मेसिनले अनुकरण गरी मानिसले जस्तै सोच्ने, बुझ्ने, विचार गर्ने र आफैँ निर्णय गर्न सक्ने बनाइयो, त्यसलाई कृत्रिम बौद्धिकता भनिन्छ । सरल शब्दमा भन्नुपर्दा बुद्धि भएको मेसिन नै एआई हो।

हालै क्यानडाले पूर्वरेडियो पत्रकार इभान सोलोमनलाई ‘एआई मन्त्री’ बनाएको घटनाले विकसित राष्ट्रहरूले एआईलाई कति गम्भीरताका साथ लिएका छन् भन्ने स्पष्ट पार्छ । नेपालमा पनि हालै प्रस्तुत बजेटमा एआईलाई सम्बोधन गरिएको छ।

हाम्रो मोबाइल, अफिस, गाडी र घरहरुसम्म एआई समावेश भइसकेको छ । हामी जानेर वा नजानेर एआईको प्रयोग गरिरहेका छौँ। केही समयमै एआई हाम्रो जीवनको अभिन्न अङ्ग बन्दैछ । एआईको नयाँनयाँ आविस्कारले संसारसँग हाम्रो अन्तरक्रियाको तरिका नै परिवर्तन गरिदिएको छ। शिक्षा, स्वास्थ्य, यातायात, कृषि, पर्यटन, प्रशासन, मनोरञ्जन, सुरक्षा लगभग हरेक क्षेत्रमा एआईको प्रयोग तीव्र गतिमा बढिरहेको छ। यसको सबैभन्दा महत्वपूर्ण पक्ष यो हो कि यसले मानवले महिनौँ लगाएर गर्न नसक्ने काम मिनेटमै सम्पन्न गरिदिन्छ । मानिस थाक्छ, तर मेसिन भएकाले एआई थाक्दैन।

**स्वास्थ्य क्षेत्रमा क्रान्तिः**

एआईले स्वास्थ्य क्षेत्रमा अभूतपूर्व क्रान्ति ल्याइरहेको छ । कोरोना भ्याक्सिनको तीव्र विकासमा एआईको भूमिका महत्वपूर्ण थियो। बेलायतमा मुटु रोग चाँडै पत्ता लगाउन र मधुमेहको स्तर स्वचालित रूपमा नियन्त्रण गर्न एआईको प्रयोग भइरहेको छ। क्यान्सरलगायतका असाध्य रोगहरूको निदान र उपचारमा पनि एआईले चिकित्सकहरूलाई सशक्त साथ दिइरहेको छ।

**यातायातमा प्रगतिः**

चालकविहीन कारहरू अहिले विश्वभरका सडकहरूमा गुडिरहेका छन्। गुगल जस्ता कम्पनीहरूले पनि चालकविहीन सवारीसाधनको विकासमा ठूलो लगानी गरिरहेका छन्। यसले यातायात प्रणालीलाई सुरक्षित र प्रभावकारी बनाउने सम्भावना बोकेको छ।

मिडिया र सञ्चारमा रूपान्तरणः मिडिया क्षेत्रमा समाचार उत्पादन, प्रशोधन, प्रकाशन र प्रसारणमा एआईले सहयोग पु¥याइरहेको छ । मानिसजस्तै देखिने एआई एङ्करहरूले समाचार र कार्यक्रम प्रस्तुत गर्ने क्रम बढ्दो छ, जसले सञ्चारमाध्यमको भविष्यलाई नयाँ दिशा दिइरहेको छ।

कृषिमा उत्पादकत्व वृद्धिः भारतको तेलङ्गानामा एआई प्रयोग गरेर खेती गर्दा उत्पादनमा उल्लेखनीय वृद्धि भएको पाइएको छ। एआईले माटोको अवस्था विश्लेषण गर्ने, बालीको निगरानी गर्ने र सिँचाइ तथा मलको आवश्यकता निर्धारण गर्ने जस्ता कार्यहरूमा किसानहरूलाई मद्दत गर्छ।

निर्णय निर्माण र प्रशासनः एआईलाई सल्लाहकारका रूपमा राख्ने क्रम बढ्दो छ । भारतको विद्यालयमा एआईले शिक्षकले भन्दा गुणस्तरीय ढङ्गले पढाउने गरेको छ । अब एआईले के गर्छभन्दा पनि ‘एआईले के चाहिँ गर्दैन?’ भन्ने समय आउँदैछ।

**एआई साक्षरता के हो त ?**

जसरी अक्षर चिन्ने, पढ्न, लेख्न र जान्नेलाई ‘साक्षर’ भनिन्छ, त्यसैगरी, एआई बुझ्ने, जान्ने र प्रयोग गर्नेलाई ‘एआई साक्षर’ भनिन्छ । यो एआईको जमाना हो । एआई हाम्रो जीवनको सबै पक्षहरुमा पसिरहेको छ । त्यसैले पढ्न–लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा पनि साक्षर बन्नै पर्छ । प्रविधिमा साक्षर नबने अबको जमानामा अघि बढ्न सकिँदैन। जो अपडेट हुँदैन, ऊ आउटडेट हुन्छ।

एआई साक्षर भनेको एआई विज्ञ बन्नु भनेको होइन। तर, यति चाहिँ जान्नुपर्छः एआई के हो ? एआईले के गर्छ ? एआईका के कस्ता उपकरणहरू (टुल्स) आएका छन् र तिनीहरूलाई कसरी प्रयोग गर्न सकिन्छ ? एआई प्रयोगका सीमाहरू के छन् ? यसका चुनौतीहरूलाई कसरी सामना गर्ने ? एआई साक्षर नभई सुरक्षित, नैतिक र जिम्मेवार ढङ्गले एआई प्रयोग गर्न सकिँदैन । कुन गलत र कुन सही छुट्याउन पनि सकिँदैन । ‘डिपफेक’ जस्ता प्रविधिले सजिलै झुक्याउन सक्छ। एआई साक्षर भएपछि एआईद्वारा सिर्जित सूचनाको विश्लेषण गर्न सकिन्छ। त्यसैले एआई साक्षरता भनेको एआई प्रणालीहरुले कसरी काम गर्छन्, तिनीहरुले हाम्रो जीवनमा के र कसरी प्रभाव पार्छन् र एआईलाई सुरक्षित, नैतिक र प्रभावकारी रुपमा कसरी प्रयोग गर्न सकिन्छ भनेर बुझ्ने र एआईको विकासमा सहभागी हुन सक्ने क्षमता हो। एआई साक्षरता भनेको केवल प्रविधि सिक्नु मात्र होइन यो एउटा जीवनोपयोगी क्षमता पनि हो । जसरी हामीले पढ्न–लेख्न सिकेपछि संसार बुझ्न सक्यौँ । त्यस्तै, एआई बुझ्न सकेपछि हामी डिजिटल युगमा जिम्मेवार नागरिक बन्न सक्छौँ।

**एआई साक्षरता किन आवश्यक छ ?**

एआई हाम्रो दैनिक जीवनमा प्रवेश गरिसकेको छ। दैनिक जीवनलाई सरल, सहज र दुरत बनाउन, समय बचाउन एआई साक्षरता आवश्यक छ । एआई साक्षरताले गलत जानकारीबाट बचाउँछ । चाहिएका जानकारी छिनको छिनमै पाउन सकिन्छ । एआई प्रणाली पनि पूर्वाग्रही हुन सक्छन् त्यो थाहा पाउन पनि एआई साक्षर बन्न जरुरी छ। एआई साक्षर बनेपछि आफ्नो काम र करियरमा अनेकौँ नयाँ ढोका खोल्न सकिन्छ । एआई साक्षरताले नागरिकको सक्रियता बढाउँछ। एआई साक्षर भनेको डिजिटल लोकतन्त्रको आधार हो।

**एआई साक्षर नबन्दा के हुन्छ ?**

१. रोजगारी गुमाउने खतरा र अवसरको वञ्चितताः एआईले धेरै क्षेत्रका लाखौँ रोजगारी खोस्ने त्रास बढेको छ । तर, वास्तविकता के हो भने एआईले रोजगारी खोस्दैन मात्र, त्योभन्दा कैयौँ गुणा बढी नयाँ रोजगारीहरू सिर्जना पनि गर्छ तर, त्यसका लागि एआई साक्षर हुनुपर्छ । एआई नजान्नेको जागिर जान सक्छ र नयाँ अवसरहरू नपाउने सम्भावना रहन्छ। भविष्यको श्रम बजारमा एआई साक्षरता एक आधारभूत योग्यता बन्नेछ।

२. शिक्षामा पछि परिनेः विकसित देशहरूले एआईमा आधारित शिक्षण प्रक्रिया अपनाएर सिकाइ कार्यलाई कैयौँ गुणा प्रभावकारी बनाएका छन् । उनीहरूले विद्यालय तहदेखि नै एआई पाठ्यक्रम विकास गरेका छन् र विद्यार्थीहरूलाई नैतिक रूपमा एआई उपकरणहरू प्रयोग गर्न अनुमति दिएका छन्, जसले गर्दा उनीहरूको शिक्षाको स्तर उकासिएको छ। एआई साक्षर नबने सो अवसरबाट हामी वञ्चित बन्नेछौँ र विश्व शैक्षिक प्रतिस्पर्धामा पछि पर्नेछौँ।

३. सूचना र समाचारमा भ्रमः भारत, पाकिस्तान र अमेरिकामा भएका चुनावहरूमा एआईले बनाएका ‘डिपफेक’ भिडियोका कारण हजारौँ मानिस गलत समाचारले प्रभावित भए। एआई साक्षर नबन्दा कुन सही समाचार र कुन गलत हो भनेर छुट्याउन सकिँदैन। गलत सूचना र दुष्प्रचारले समाजलाई गलत दिशानिर्देश गर्नेछ । एआई साक्षरताले मात्र हामीलाई डिजिटल युगमा आलोचनात्मक सोचका साथ सूचनाको उपभोग गर्न सिकाउँछ।

४. प्रविधिको उपभोक्ता मात्र बन्नेः यदि हामी एआई साक्षर बन्न सकेनौँ र एआईलाई पाठ्यक्रममै समावेश गरी युवा पुस्तालाई साक्षर बनाउने काममा लागेनौँ भने हामी प्रविधिको उपभोक्ता मात्रै बन्नेछौँ, निर्माता र नीति निर्माता बन्ने अवसर कहिल्यै पाउने छैनौँ । यसले राष्ट्रिय स्वायत्तता र आर्थिक विकासमा समेत नकारात्मक असर पार्नेछ।

**नीति निर्माणः** एआईको विकास, नियमन र साक्षरतालाई प्रवद्र्धन गर्ने स्पष्ट राष्ट्रिय नीतिहरू निर्माण गर्नुपर्छ। यसमा डेटा गोपनीयता, नैतिक एआई प्रयोग र साइबर सुरक्षा जस्ता पक्षहरू समेटिनुपर्छ।

अबको जमानामा अक्षर मात्र होइन, एआई बुझ्नु नै साँचो साक्षरता हुँदैछ । भविष्यमा एआई नजान्ने व्यक्तिलाई ‘नयाँ अशिक्षित’ का रूपमा हेरिनेछ । हामी अहिलेदेखि नै नीतिगत ढङ्गबाटै एआई साक्षरता र एआईको विकासमा अघि नबढे भविष्यमा डिजिटल दास मात्र बन्नुपर्नेछ, डिजिटल नेतृत्व गर्न सक्ने छैनौँ । ‘हैट, एआई त नसिकी नहुने रहेछ !’ भन्ने भावना हरेक नेपालीमा जागृत हुनुपर्छ, किनकि यही नै हाम्रो भविष्यको आधार हो।

**के गर्ने त ?**

एआई साक्षरता हासिल गर्न र यसको अधिकतम लाभ उठाउनका लागि निम्न कदमहरू चाल्नु अपरिहार्य छः

विद्यालय तहदेखि नै साक्षरताः प्राथमिक शिक्षादेखि नै एआईका आधारभूत अवधारणाहरू र यसको प्रयोगबारे पाठ्यक्रममा समावेश गर्नुपर्छ। युवा तथा व्यवसायी लक्षित तालिमः विभिन्न पेसा र उमेर समूहका लागि एआईका उपकरणहरू प्रयोग गर्ने व्यावहारिक तालिमहरू सञ्चालन गर्नुपर्छ।

सार्वजनिक सचेतना अभियानः एआईका फाइदा, जोखिम र नैतिक प्रयोगबारे जनचेतना फैलाउने अभियानहरू सञ्चालन गर्नुपर्छ। यस प्रकार कम्तीमा एआई साक्षर बन्न र बनाउन ढिला गर्नु हुँदैन। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# नागरिकले उचित मूल्यमा औषधि पाउने वातावरण तयार गर्छौं: मन्त्री पौडेल



**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलसमक्ष औषधिको मूल्यबारे सुझाव दिन गठित समितिले आफ्नो प्रतिवेदन पेस गरेका छन ।

स्वास्थ्य मन्त्रालयमा आज आयोजित कार्यक्रममा समितिका संयोजक डा पोषराज पाण्डेले प्रतिवेदन प्रस्तुत गर्दै हरेक दुई वर्षमा मूल्य समायोजनका लागि सुझाव दिइएको बताए ।

प्रतिवेदन ग्रहण गर्दै मन्त्री पौडेलले लामो समयसम्म औषधिको मूल्यको गहन रुपमा अध्ययन नहुँदा कतिपय औषधिको मूल्य समयअनुसार बढी भएको हुन सक्ने देखिएकाले समायोजनका लागि समिति गठन गरिएको बताए । स्वास्थ्यमन्त्रीको निजी सचिवालयका अनुसार प्रतिवेदनका माध्यमबाट औषधिको गुणस्तर सुधार, व्यवस्थापन र सुशासन कायम गर्न मद्दत पुग्ने विश्वास मन्त्री पौडेलले व्यक्त गरे । उनले उचित मूल्यमा औषधि प्राप्त गर्ने वातावरण बनाउन तयार पार्न आफू क्रियाशील रहेको बताउँदै प्राप्त सुझाव कार्यान्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

स्वास्थ्य मन्त्रालयका सचिव डिल्लीराम शर्माले प्रतिवेदन कार्यान्वयनमास्वास्थ्य मन्त्रालयअन्तर्गतका सबै निकायको सक्रिय सहयोग अपरिहार्य भएकामा जोड दिए । रासस

# दक्ष जनशक्ति उत्पादनमा जोड



**काठमाडौँ ।**
खानेपानीमन्त्री प्रदीप यादवले नेपालमा दन्त चिकित्सकको आवश्यकता, महत्व र माग अधिक रहेकाले दक्ष जनशक्ति उत्पादन अपरिहार्य भएको बताएका छन

मंगलवार पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलले कलेजका प्रमुख संस्थापक तीर्थरत्न बज्राचार्यको २२औँ वार्षिक पुण्यतिथिका अवसरमा आयोजना गरेको कार्यक्रममा मन्त्री यादवले नेपालमा दन्त स्वास्थ्य सेवाको आवश्यकता दिनानुदिन बढ्दो रहेको र दन्त चिकित्सकको भूमिका अझ महत्वपूर्ण हुँदै गइरहेको बताए । उनले भने 'नेपालमा अझै धेरै ग्रामीण तथा दुर्गम क्षेत्रमा दन्त स्वास्थ्य सेवाको पहुँच कमजोर छ, जसका कारण त्यहाँ दन्त चिकित्सकको माग अत्यन्तै उच्च छ, सरकारले यस दिशामा ध्यान दिइरहेको छ र आगामी दिनमा दन्त स्वास्थ्य सेवा विस्तार गर्ने योजनामा पनि काम भइरहेको छ ।'

दिवङ्गत बज्राचार्यको योगदानको उच्च मूल्याङ्कन गर्दै मन्त्री यादवले स्व बज्राचार्यले नेपाली दन्त चिकित्सक शिक्षाको जग हाल्ने कार्य गरे र उनको योगदान आज पनि स्मरणीय रहेको उल्लेख गरे । उनले भने, 'दन्त स्वास्थ्य सेवाका लागि तीर्थरत्न बज्राचार्यको योगदान ठूलो छ, उहाँको सपना साकार पार्न र नेपाली नागरिकलाई सहज र सुलभ रुपमा सेवा प्रदान गर्ने कार्यमा यस अस्पताल र यहाँका विद्यार्थीहरुको महत्वपूर्ण भूमिका रहन्छ ।'

जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठले दन्त स्वास्थ्य सचेतना अभिवृद्धि, ग्रामीण क्षेत्रमा सेवा विस्तार र दन्त चिकित्सक शिक्षामा गुणस्तर वृद्धिका लागि सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेकामा जोड दिए ।

पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलका प्रमुख कार्यकारी अधिकृत भीमबहादुर चन्दले पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलमा एमबिबिएसको पढाइ सञ्चालन गर्नका लागि भौतिकलगायत अन्य प्रक्रिया अघि सारिए पनि अहिलेसम्म अध्यापनका लागि अनुमति नपाएको भन्दै गुना गरे ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य शैलेन्द्र बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठ, पिपल्स डेन्टल कलेजका अध्यक्ष विद्याभूषण बज्राचार्य, सेयर होल्डर शहनशीला बज्राचार्य, प्रबन्ध निर्देशक रोशन लुइँटेल, प्राचार्य प्रा डा सुरेन्द्रमान श्रेष्ठ, विद्यार्थी र विभिन्न स्वास्थ्य क्षेत्रका प्रतिनिधिको उपस्थिति रहेको थियो । रासस

# सडक स्तरोन्नति गर्न माग



**पाल्पा ।**
पाल्पा निस्दी गाउँपालिकाका युवाले सडक स्तरोन्नति गर्न अनुरोध गरेका छन् । यसका लागि उनीहरुले गाउँपालिकाको कार्यालयमा अगाडि प्रदर्शन एवम् धर्ना दिएका छन् ।

लुम्बिनी र गण्डकी प्रदेशलाई जोड्ने रामपुर बेलडाँडा, ढुङ्गानाबेँसी, मित्याल अरुणखोला सडकखण्डअन्तर्गत पर्ने सडक समयमा नै स्तरोन्नति नहुँदा आवातजावत गर्नेले सास्ती भोग्नुपरेको छ । नवलपुर क्षेत्रको भागमा सडक स्तरोन्नति सम्पन्न भइसकेको छभने पाल्पा खण्डका भागमा स्तरोन्नतिको काम भएको छैन । करिब पाँच दशकअघि नक्सा तयार भएर सडक मार्ग (ट्र्याक) खुलेको लामो समय भइसक्दा पनि स्तरोन्नतिको काम हुनसकेको छैन । सो सडकखण्ड भएर यात्रा गर्ने यात्री तथा स्थानीयवासीले झमेला बेहोर्नुपरेकाले सडक स्तरोन्नति छिटो गर्न माग गर्दै गाउँपालिका कार्यालयलाई ध्यानाकर्षण गराएको युवा कमल सारुले बताए ।

'निस्दीलाई विकास भिरमाथिको फल बन्यो, निस्दीलाई उपहार धुलो र हिलो, सडक स्तरोन्नतिमा किन ढिलो, जनतालाई सास्ती भो'जस्ता लेखिएका प्लेकार्डसहित युवाले कार्यालयमा धर्ना दिएका हुन् । आगामी बजेटबाट सरकारले यस सडकखण्डलाई प्राथमिकता दिएर स्तरोन्नतिको काम गर्नुपर्ने युवाको माग छ ।

निस्दी गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुका अनुसार यो सडक सङ्घ सरकारको मातहतमा रहेकाले प्रदेश र गाउँपालिका आफैँले खर्च गर्न नपाउने हुँदा स्तरोन्नतिको काम नभएको हो । दुई प्रदेशलाई जोड्ने सहज पहुँचमार्गको सडक स्तरोन्नति गर्न सङ्घीय सरकारले पर्याप्त बजेट विनियोजन नगर्दा समस्या भइरहेको छ । सडकखण्डलाई प्राथमिकतामा राखेर सङ्घीय सरकारले बजेट उपलब्ध गराउनुपर्छ । उहाँले सम्बन्धित निकायमा जानकारी गराउने र छिटोभन्दा छिटो सडक स्तरोन्नतिको माग गर्ने जानकारी दिनुभयो । सडक स्तरोन्नतिका सम्बन्धमा जनस्तरबाट सरोकारवाला निकाय तथा व्यक्तिलाई पटकपटक ध्यानाकर्षणपत्र बुझाउँदा पनि समयमै दिगो र प्रभावकारी काम हुन नसक्दा स्थानीय, यात्री तथा व्यवसायीले कष्टसँग यात्रा गर्न बाध्य बनेका छन् ।

क्षतिग्रस्त सडकखण्डको तत्काल अनुगमन गरी मर्मतसम्भार, उचित ढल निकास गर्दै सडकको दीर्घकालीन स्तरोन्नति र उपयुक्त समय सीमा निर्धारण, बाह्रै महिना सडक सञ्चालन गर्न नियमित मर्मत, आगामी बजेटबाट यस सडकखण्डलाई विशेष महत्वका साथ पर्याप्त बजेट विनियोजन, काममा भइरहेको ढिलासुस्ती, लापरवाही र अनियमितताका सम्बन्धमा पालिकाबाट नियमित अनुगमन तथा निगरानी गर्न युवाहरूले ध्यानाकर्षणपत्र गाउँपालिकामा बुझाएका छन् । रासस

# हिमानी र हृदयेन्द्रद्वारा जुम्लामा पानी पोखरीको उद्घाटन



**मुग ।**
जुम्लामा पूर्वयुवराज्ञी हिमानी शाह र पूर्वनवयुवराज हृदयेन्द्र शाहले निजी गुठीद्वारा निर्मित सिँचाइ पोखरीको उद्घाटन गरेका छन् ।

रोजि राणा प्रभु शमशेर राणा निजी गुठीद्वारा जुम्लाको हिमा गाउँपालिका वडा नम्बर ७ मा निर्माण गरिएको उक्त सिँचाइ पोखरीबाट सयौं हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने बताइएको छ ।

यस पोखरीको निर्माणले जुम्लाका किसानलाई स्याउ, आलु र मार्सी धानजस्ता बाली उत्पादनमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ । जुम्लाका सांसद ज्ञानेन्द्र शाहीले यस सिँचाइ आयोजनाले स्थानीय कृषि उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

जुम्ला, जुन समुद्री सतहबाट २३०० मिटरभन्दा माथि अवस्थित छ, आफ्नो अद्वितीय हावापानीका कारण विशेष कृषि उत्पादनका लागि परिचित छ । यहाँको मार्सी धान नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय बजारमा पनि उच्च मागमा छ । यसको विशेष स्वाद र पौष्टिक गुणले गर्दा यो जुम्लाको पहिचान बनेको छ । सिँचाइ सुविधाको विस्तारले मार्सी धानको उत्पादनमा उल्लेख्य वृद्धि भई किसानको आर्थिक अवस्थामा सुधार आउनेछ ।

त्यस्तै, जुम्लाको स्याउ पनि देशभरि लोकप्रिय छ । उच्च उचाइ र चिसो हावापानीका कारण यहाँका स्याउ स्वाभाविक रूपमा गुलियो र स्वादिलो हुन्छन् । नयाँ सिँचाइ पोखरीले स्याउ खेतीका लागि आवश्यक पानीको आपूर्ति सुनिश्चित गर्नेछ, जसले गर्दा स्याउको उत्पादन बढ्ने र किसानहरूले राम्रो आम्दानी गर्न सक्नेछन् ।

आलु र अन्य तरकारी बाली पनि जुम्लाको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा हुन् । सिँचाइको पहुँचले किसानहरूलाई वर्षभरि विभिन्न प्रकारका बालीहरू लगाउन प्रोत्साहन गर्नेछ, जसले गर्दा खाद्य सुरक्षामा सुधार आउने र बजारमा स्थानीय उत्पादनको उपलब्धता बढ्नेछ । समग्रमा, यस सिँचाइ पोखरीको निर्माणले जुम्लाको कृषि क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउने र स्थानीय किसानको जीवनस्तर उकास्ने अपेक्षा गरिएको छ ।

# चिनियाँ राजदूतद्वारा झापाको अर्जुनधारामा विभिन्न कार्यक्रमहरूमा सहभागिता

**झापा ।**
मंगलवार चिनियाँ राजदूत झापाको अर्जुनधारा नगरपालिका पुगेर विभिन्न कार्यक्रमहरूमा सहभागी हुनुका साथै स्थानीय उद्योगहरूको अवलोकन गरेका छन् । अर्जुनधारामा स्थापित सुपारिको पातबाट निर्मित दुना–टपरी उद्योग, मुडा उद्योग लगायतका साना तथा मझौला उद्योगहरूको निरीक्षण गर्दै उनले स्थानीय स्तरमै भएको उद्यमशीलता र सिर्जनशील प्रयासको प्रशंसा गरे । राजदूतको आगमनको अवसरमा अर्जुनधारा नगरपालिकाको तर्फबाट बाजागाजा सहित भव्य स्वागत गरिएको थियो । नगरपालिकाका जनप्रतिनिधि, उद्योगी–व्यवसायी, समुदायका अगुवाहरू तथा सर्वसाधारणको बाक्लो उपस्थिति रहेको सो कार्यक्रममा अर्जुनधारा नगरपालिकाको नगरप्रमुख बलदेव गोमदेनले नेपालमा चीनजस्तै समृद्ध विकासको बाटोमा अघि बढ्न सक्ने सम्भावना रहेको भन्दै त्यसका लागि आवश्यक सुझाव र सहकार्यको अपेक्षा व्यक्त गरे । साथै, उनले नेपाल–चीन मित्रतालाई थप सुदृढ बनाउँदै विकासका साझा प्रयत्नमा जोड दिने प्रतिवद्धता पनि व्यक्त गरे । त्यसैगरी, शनिश्चरे माध्यमिक विद्यालयमा आयोजित विशेष कार्यक्रममा राजदुतले विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरे । कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायको उत्साहजनक सहभागिता रह्यो । राजदूतको हातबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू हर्षित देखिन्थे भने विद्यालय व्यवस्थापन समितिले चिनियाँ पक्षको सहयोगप्रति आभार प्रकट गरे ।

यो भ्रमणले नेपाल–चीन मित्रता तथा स्थानीय विकासका क्षेत्रमा सहकार्यलाई थप गतिशील बनाउने अपेक्षा गरिएको छ ।

# मौद्रिक नीति र वित्त नीतिमा सहि सन्तुलन राखेर नै अर्थतन्त्र अगाडि बढ्छः अर्थमन्त्री

**काठमाडौं ।**
उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले मौद्रिक नीति र वित्त नीतिमा सहि सन्तुलन राखेर मात्रै अर्थतन्त्र अगाडि बढ्ने बताएका छन् ।

मंगलबार राजधानीमा एक संस्थाले गरेको 'प्रि मनिटरी पोलिसी डिस्कसन' र विशेष प्रकाशन 'लञ्च' को कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । यसकालागि नेपाल राष्ट्र बैंक तथा अर्थमन्त्रालयले एकअर्कामा सन्तुलन कायम गरेर जानुपर्ने उनको भनाई छ ।

कार्यक्रममा बोल्दै उनले सबैतिर मौद्रिक सुशासनको पक्षमा केही प्रश्नहरु उठ्ने गरेको बताए । सुशासनका प्रश्नमा हामी कहिँ न कहिँ चुक्दै आएको हुनाले राष्ट्र बैंक तथा अर्थमन्त्रालय दुई निकाय र मौद्रिक नीति तथा वित्त नीति एकअर्कामा सन्तुलन कायम गरेर जानुपर्ने उनको तर्क छ ।

'गभर्नरले पनि वित्त नीति र मौद्रिक नीति एक अर्कोलाई रोक्ने भन्दा पनि सन्तुलन मिलाएर जानुपर्छ भन्ने कुरा गर्नु भएको छ । यसले पनि आगामी दिनमा हाम्रो मौद्रिक तथा वित्त नीतिमा सन्तुलन नहोस् भनेर चाहनेहरु पछाडि छोडिने निश्चित छ । मुलुकको अर्थतन्त्रको स्थिती समस्यामा छ, अर्थतन्त्र दवाबमा छ, अर्थतन्त्र अप्ठ्यारोमा छ भन्ने टिप्पणीहरु भइ नै रहेका छन,'उनले भने ।

साथै उनले मौद्रिक सुशासनका विषयमा कसरी काम गर्नुपर्छ भन्ने विषयमा छलफल हुनुपर्ने बताए । मौद्रिक नीति र वित्त नीति, नेपाल राष्ट्र बैंक तथा अर्थमन्त्रालय र गभर्नर तथा अर्थमन्त्रीको सम्बन्धका विषयमा धेरै प्रश्न उठ्ने गरेको भएपनि त्यसलाई सन्तुलन गरेर लैजाने उनले बताए ।

यसैगरी नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर महाप्रसाद अधिकारीले वित्त नीति र मौद्रिक नीतिबीच बारम्बार प्रश्न उठ्ने गरेको बताए । उनले वित्त नीति र मौद्रिक नीतिबीच दातम्यता र समन्वय गरेर स्पष्ट गर्नुपर्ने बताए ।

उनले भने,'यी दुई नीतिबीच कहाँ समन्वय भएन ? हुन चाहिँ अर्थ मन्त्रालयको नीतिलाई राष्ट्र बैकले कार्यान्वयन गरेर भनेर मिडियाले लेख्नुपर्ने छ । वित्त नीति र मौद्रिक नीतिबीच बारम्बार प्रश्न उठ्ने गरेको छ, वित्त नीति र मौद्रिक नीतिबीच दातम्यता र समन्वय गरेर स्पष्ट गर्नुपर्ने आवश्कता छ ।'

# एआईको विकासको लागि एआई नीति २०२५ को तयारी पूरा भएको छःमन्त्री गुरुङ

**काठमाडौं ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ्ले सरकारले एआईको विकासको लागि एआईको नीति २०२५ को तयारी पूरा गरेको बताएका छन् ।

मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै उनले एआईको नीति २०२५ को तयारी पूरा भएको र अब मन्त्रिपरिषद्को बैठकबाट पारित हुन मात्र बाँकी रहेको भन्दै उक्त नीतिले नेपालको लागि नैतिक, आदर्श आधार पारिस्थितिक प्रणाली सुनिश्चित गर्ने बताए ।

उनले भने, 'भविष्य केन्द्रीत र जनताको हितमा काम गर्न नेपालको धारणा एकदमै स्पष्ट छ । सरकारले एआईको विकासको लागि एआईको नीति २०२५ को तयारी पूरा भएको छ र अब मन्त्रिपरिषद्को बैठकबाट पारित हुन मात्र बाँकी छ । नीतिले नेपालको लागि नैतिक, आदर्श आधार पारिस्थितिक प्रणाली सुनिश्चित गर्छ ।'

यस्तै, उनले आइटी र सूचना प्रविधि पारिस्थितिक प्रणालीको निर्माण गर्न हरेक प्रदेशमा आइटी कम्पनी खोलेर आइटी हब बनाउने पनि बताए । शिक्षा, स्वास्थ्य, पर्यटक, कृषि, आर्थिक, उद्योग र सरकारलाई पूर्ण रुपान्तरण गर्नको लागि पनि सरकारले पहल गरेको उनको भनाई छ ।

साथै, उनले कानूनी, भौतिक र प्राविधिक व्यवस्थासहित आइटीलाई पूर्ण चरणका उद्योगको रूपमा स्थापित गर्ने भन्दै डिजिटल नागरिकको लागि भविष्य तयार गर्नको लागि सबै युवाहरुलाई डिजिटल कौशलता विकासको लागि एआइ तालिम वितरण गर्ने बताए ।

# गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्नेले राजनीतिक अधिकार पाउँदैन्'

**काठमाडौं ।**
गृहमन्त्री रमेश लेखकले गैरआवसीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले राजनीतिक अधिकार प्राप्त नगर्ने बताएका छन् ।

मंगलबार बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै एनआरएनए आफैंमा एउटा नागरिकता भएको भन्दै उनले नागरिकता प्राप्त गर्नेले राजनीतिक अधिकार प्राप्त नगर्ने बताएका हुन् ।

'अंगिकृत नागरिकताको लागि सीमा तोकिएजस्तै गैर आवसीय नेपाली नागरिकताको लागि पनि सिमा तोकेर गैर आवसीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्त गर्नेछ भन्नुको मतलव राजनीतिक अधिकार प्राप्त गर्दैन भन्ने अर्थ मान्ने हो । तर एनआरएनए आफैमा एउटा नागरिकता हो,'उनले भने ।

उनले गैर आवसीय नेपाली नागरिकताको बारेमा नेपाल सरकारले छुट्टै विधेयक तयार गर्न लागेको बताए ।

उनले नेपालको नागरिकबाट जन्म भई नेपालमा नै बसोवास गरिरहेको र बाबुको पहिचान गर्न नसकिएको व्यक्तिलाई बंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने बताए । बैठकमा नेपाल नागरिकता ऐन,२०६३ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा छलफल गरिएको छ ।

# नेप्से परिसूचकमा सुधार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । आज नेप्से परिसूचक २५ दशमलव ०७ अङ्कले बढेर दुई हजार ६७८ दशमलव १७ को विन्दुमा कायम भएको हो ।
मंगलवार ३११ कम्पनीको दुई करोड ३६ लाख ९७ हजार १४५ कित्ता शेयर ८१ हजार ७३८ पटक खरिदबिक्री हुँदा रु १० अर्ब १६ करोड नौ लाख ८१ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।
आजको कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै वित्त समूह पाँच दशमलव १२ प्रतिशतले बढेको हो । बैङ्किङ शून्य दशमलव ९३, विकास बैङ्क शून्य दशमलव ७१, होटल तथा पर्यटन एक दशमलव २८, जलविद्युत् शून्य दशमलव ४६, लगानी शून्य दशमलव ६८ र जीवन बिमा एक दशमलव ०८ प्रतिशतले बढेको हो ।
त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, लघुवित्त शून्य दशमलव ६१, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बिमा एक दशमलव २६ व्यापार एक दशमलव ०७ र अन्य समूह एक दशमलव ५१ प्रतिशतले बढेको हो ।
आजको कारोबारमा प्युअर इनर्जी लिमिटेड र श्री इन्भेष्टमेन्ट फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य छ दशमलव १४ प्रतिशतले घटेको छ ।
कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर रु ५८ करोड ४९ लाख ५३ हजार ८७१ बराबरको २६ लाख ३३ हजार ७२८ कित्ता किनबेच भएको छ ।रासस

# दश महिनामा १३ खर्ब ५६ अर्ब ६१ करोड विप्रेषण आप्रवाह

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको दश महिनामा रु १३ खर्ब ५६ अर्ब ६१ करोड विप्रेषण आप्रवाह भएको छ ।
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको दश महिनाको तथ्याङ्कमा आधारित भएर मंगलवार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक प्रतिवेदनअनुसार गत वैशाख मसान्तसम्म उक्त रकम स्वदेश भित्रिएको हो । वैशाख महिनामा मात्र रु एक खर्ब ६५ अर्ब ३० करोड भित्रिएको थियो ।
गत वैशाख मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि चार लाख पाँच हजार ६१० जनाले अन्तिम स्वीकृति र दुई लाख ८० हजार ३१४ ले पुनः श्रम स्वीकृति लिएका छन् ।
प्रतिवेदनअनुसार वैशाख मसान्तसम्ममा मुलुकको चालु खाता रु दुई खर्ब ५५ अर्ब ९३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ९३ अर्ब ३१ करोडले बचतमा थियो ।
वैशाख मसान्तसम्ममा खुद पुँजीगत ट्रान्सफर रु आठ अर्ब ४८ करोड रहेको छ भने रु १० अर्ब ६० करोड बराबर प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।
समीक्षा अवधिमा शोधनान्तर बचत रु चार खर्ब ३८ अर्ब ५२ करोड रहेको छ । विदेशी विनिमय सञ्चिति रु २५ खर्ब १२ अर्ब ९५ करोड पुगेको छ ।
समीक्षा अवधिको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रमा रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव चार महिनाको वस्तु आयात र १४ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने केन्द्रीय बैंकले जनाएको छ ।गत वैशाख महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २.७७ प्रतिशत देखिएको छ ।
नेपाल राष्ट्र बैङ्कले आज सार्वजनिक गरेको चालु आर्थिक वर्षको दश महिनाको तथ्याङ्कमा वर्तमान आर्थिक तथा वित्तीय स्थिति अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा मुद्रास्फीति घटेको हो । अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीति ४.४० प्रतिशत थियो ।
राष्ट्र बैङ्कका अनुसार गत वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति १.५२ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.४५ प्रतिशत रहेको छ ।
खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप–समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ११.०८, फलफूलको ६.१५, दाल तथा गेडागुडीको ५.१७ र गैर मदिराजन्य पेय पदार्थको ४.७० प्रतिशतले वृद्धि भएको छ । तरकारी उप–समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ८.११, मरमसलाको २.२० र माछा तथा मासुको ०.४८ प्रतिशतले घटेको राष्ट्र बैङ्कले जनाएको छ ।
गैर–खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप– समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ९.०४, शिक्षाको ५.८८, कपडाजन्य तथा जुत्ताचप्पलको ५.२३ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको ३.९९ प्रतिशत र रेष्टुरेण्ट तथा आवास सेवाको ३.१६ प्रतिशतले बढेको छ ।
प्रतिवेदनअनुसार गत वैशाख महिनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ३.२१ र शहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २.६१ प्रतिशतले बढेको छ ।
प्रदेशगत रूपमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी ४.२९ प्रतिशत देखिएको छ । मधेश प्रदेशको २.८१, बागमतीको २.४०, गण्डकीको २.२३, लुम्बिनीको २.१५, कर्णालीको २.२१ र सुदूरपश्चिमको ३.१४ प्रतिशत रहेको छ । त्यसैगरी काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २.६४, तराईको २.६४, पहाडको २.६५ र हिमालको ४.०१ प्रतिशत रहेको छ ।रासस

# सोमपाल र गुल्सन अभ्यासका क्रममा घाइते

**काठमाडौँ ।**




स्कटल्याण्डमा सञ्चालन भइरहेको आइसिसी विश्वकप लिग–२ अन्तर्गत नेदरल्याण्ड्सविरुद्धको आजको खेलमा सोमपाल कामी र गुल्सन झाले नखेल्ने भएका छन् ।
अभ्यासका क्रममा घाइते भएका कारण दुवैजनाले आजको खेल गुमाउने भएका हुन् । 'सोमपाल र गुल्सन अभ्यासका क्रममा घाइते भएकाले उनीहरुले आजको खेल तथा टी–ट्वान्टी आई त्रिकोणीय सिरिजका सम्पूर्ण खेल गुमाउने छन', नेपाल क्रिकेट सङ्घ (क्यान) का प्रवक्ता छुम्बी लामाद्वारा मंगलवार जारी विज्ञप्तिमा उल्लेख छ ।
सोमपालको दायाँ हात तथा गुल्सनको घुँडामा चोट लागेका कारण चिकित्सकको परामर्श पश्चात् नेदरल्यान्ड्सविरुद्धको खेल र टी–२० आई त्रिकोणीय श्रृङ्खलाका सम्पूर्ण खेलमासमेत सहभागी हुन नसक्ने विज्ञप्तीमा जनाइएको छ ।रासस

# एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा नन्दनको डेब्यू

**काठमाडौँ ।**
मध्यम गतिका बलर नन्दन यादवले स्कटल्याण्डमा सञ्चालन भइरहेको एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली राष्ट्रिय टोलीबाट डेब्यू गरेका छन् ।
आइसिसी क्रिकेट विश्वकप लिग–२ अन्तर्गत नेदरल्यान्ड्सविरुद्धको आजको खेलमा यादवले डेब्यू गरेका हुन् । उनलाई नेपाली राष्ट्रिय क्रिकेट टोलीका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले डेब्यू क्याप हस्तान्तरण गरेका हुन् । एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली राष्ट्रिय क्रिकेट टोलीबाट डेब्यू गर्ने उनी ४२औँ खेलाडी हुन् । जारी सिरिजमा यसअघिका तीन खेलमा यादवले खेल्ने मौका पाउन सकेका थिएनन् ।
तीव्र गतिका बलर सोमपाल कामी घाइते भएपछि उनले खेल्ने मौका पाएका हुन् ।
नेपाल क्रिकेट सङ्घ (क्यान) का प्रवक्ता छुम्बी लामाका अनुसार सोमपाल अभयासका क्रममा घाइते भएका हुन् । अभ्यासका क्रममा उनीसँगै गुल्सन झा पनि घाइते भएका छन् । सोमपालको दायाँ हातमा तथा गुल्सनको घुँडामा चोट लागेको छ ।रासस

# तीनतलेका किसानले व्यवसायिक चिराइतोखेतीबाट १२ लाखसम्म आम्दानी लिँदै

**भोजपुर ।**
षडानन्द नगरपालिका–१० तीनतलेका किसान बहुउपयोगी जडीबुटी चिराइतोको व्यावसायिक खेतीमा जुटेका छन् । चिराइतोबाट मकै, आलुलगायत बालीको तुलनामा राम्रो आम्दानी हुने भएपछि उनीहरु चिराइतोखेतीमा जुटेका हुन् ।
षडानन्द–१० साङपाङका वडाध्यक्ष पेमदोर्चे शेर्पाका अनुसार तीनतले क्षेत्रका एक सय २० बढी किसानले चिराइतो, लोठसल्ला, सतुवालगायतको व्यावसायिक खेती गरिरहेका छन् । यहाँका माथिल्लो भेगका किसानको मुख्य आम्दानीको स्रोत चिराइतो रहेको छ । नगरपालिकाको माथिल्लो भेगलाई जडीबुटीको पकेट क्षेत्र घोषणा गरिएको छ ।



'चिराइतो तीनतले क्षेत्रका अधिकांश किसानको मुख्य आम्दानीको स्रोतका रूपमा रहेको छ, अन्यबालीको तुलनमा जडीबुटी चिराइतोखेतीबाट राम्रो आम्दानी हुने भएपछि किसान व्यावसायिक खेतीमा लागेको देखिन्छ । अहिले हामीले यो क्षेत्रलाई चिराइलो पकेट क्षेत्र घोषणा गरेर जडीबुटी खेतीका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेका छौँ', उनले भने । तीनतले क्षेत्रका किसानले चिराइतो बिक्रीबाट एकपटकमा न्यूनतम एक लाख ५० हजार रुपैयाँ देखि १२ लाखसम्म आम्दानी लिने गरेको स्थानीय किसान फुर्लाक्पा शेर्पाले जानकारी दिए । आफूले अहिले २५ रोपनी क्षेत्रमा चिराइतोको व्यावसायिक खेती गरिरहेको उनले बताए । चिराइतो बिक्रीबाट औसतमा वार्षिक चार रुपैयाँ देखि सात लाखसम्म आम्दानी लिने गरेको उनको भनाइ छ । गत वर्ष चिराइतो विक्रीबाट सात लाख रुपैयाँ आम्दानी गरेको उनले बताए ।
उत्पादन भएको चिराइतो घरबाट नै ठेकेदारले लैजाने गरेको स्थानीय अर्का किसान निमा शेर्पाले बताए । गत वर्ष एक मन (४० केजी) चिराइतो घरबाट नै ४० हजार रुपैयाँ देखि ४५ हजारसम्ममा बिक्री भएको उनले जानकारी दिए । राम्रो आम्दानी हुने भएपछि १० वर्षअघिबाट व्यावसायिक रूपमा चिराइतोखेतीमा जुटेको उनको भनाइ छ ।
'मैले १० वर्षअघिबाट चिराइतोको व्यावसायिक खेती गरिरहेको छु', उनले भने, 'चिराइतोबाट राम्रो आम्दानी लिँदै पनि आएको छु । बर्सेनि मूल्यवृद्धि भइरहेको आवस्था छ । त्यहीँ भएर धेरै किसान यसको व्यावसायिक खेतीमा लागेका छन् ।' चिराइतो बारीमा छरेको २६ देखि २७ महिनासम्ममा सङ्कलन गर्न योग्य हुने हुन्छ । चिराइतो भदौ, असोज, कात्तिकमा सङ्कलन गरिने शेर्पाले बताए । पछिल्लो समय चिराइतोमा बोट सुक्ने, जरा कुहिने रोगको समस्या देखिन थालेको उनले जानकारी दिए । राज्यको तहबाट रोग कीरा नियन्त्रण सहयोग भएमा किसानले अझ राम्रो आम्दानी सक्ने उनको भनाइ छ ।
ज्वरो, दम रुघाखोकी, मधुमेह, पिसाब पोल्ने, पेटको जुकालगायत रोगका लागि औषधिको रूपमा चिराइतो प्रयोग गर्न सकिने स्थानीयको भनाइ छ । पात, डाँठ, जरालगायत सम्पूर्ण भाग नै प्रयोग गर्न सकिन्छ । यहाँको चिराइतो भारत, चीन र बङ्गलादेशमा निर्यात हुने गरेको व्यवसायीको भनाइ छ ।
एक हजार पाँच सय मिटरदेखि दुई हजार पाँच सय मिटरसम्मको उचाइको हावापानीमा चिराइतो राम्रोसँग फस्टाउने भएकाले यहाँका माथिल्लो भेगका अधिकांश मानिसले यसको खेती गरिरहेका छन् । लेकाली भेग तथा चिस्यान क्षेत्र भएकाले यहाँ चिराइतोको राम्रो उत्पादन हुँदै आएको छ । चिराइतो षडानन्द नगरपालिकाको वडा नं १०, ११ र १३ को माथिल्लो भेग, टेम्केमैयुङ –५ मझौले, तिम्मा, दोभाने, हेलौंछा, खार्तम्छा, आमचोक गाउँपालिकाको युँ, वासिङथर्पु, पौवादुङमा गाउँपालिकाको श्यामशिलालगायत व्यावसायिक खेती हुने गरेको छ । रासस

# गुप्तेश्वर गुफामा पर्यटकको आगमन वृद्धि

**गण्डकी ।**
ऐतिहासिक गण्डकी शतकुण्डीय गायत्री कोटिहोमले पोखराको पर्यटन प्रवद्र्धनमा सहयोग पुगेको छ । नेपालमात्र नभई भारतबाट कोटिहोममा आएका भक्तजनले पोखरास्थित विभिन्न धार्मिक तथा पर्यटकीयस्थलको अवलोकन गरेकाले आन्तरिक तथा बाह्य पर्यटनको सङ्ख्यामा वृद्धि भएको हो ।
पोखरा महानगरपालिका–१७ विरौटास्थित सदाशिव सिद्धेश्वर हरिहर मन्दिरको गुठी जग्गा मानव सेवा फउण्डेसनद्वारा गत वैशाखको १६ गतेदेखि आयोजना गरिएको कोटिहोमको नजिक पर्ने छोरेपाटनस्थित पर्यटकीय क्षेत्र गुप्तेश्वर महादेव गुफामा विगतको तुलनामा अहिले आन्तरिक तथा बाह्य पर्यटनको आगमन करिब १० प्रतिशतले वृद्धि भएको गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बाँस्तोलाले जानकारी दिए ।
उनका अनुसार गत आर्थिक वर्षको चैत १७ गतदेखि जेठ २६ गतेसम्म ९३ हजार ७१६ पर्यटकले मन्दिरको अवलोकन गरेकामा चालु आवको सोही अवधिमा एक लाख एक हजार १४४ जनाले टिकट काटेर गुफाको अवलोकन गरेका छन् ।
पोखरा बाहिरबाट कोटिहोममा आउने भक्तजन अधिकांश गुफामा अवस्थित महादेवको दर्शन र मनोहर पातले छाँगो (डेभिजफल्स)को मनोरम दृष्यावलोकनमा आउने गरेकाले पर्यटकको सङ्ख्यामा वृद्धि भएको अध्यक्ष बाँस्तोलाले बताए ।
विगतको तुलनामा यस अवधिमा सात हजार ४२८ बढीले गुफाको अवलोकन गरेका जनाउँदै उनले भने, 'गुफामा पर्यटकको सङ्ख्यामा वृद्धि हुनु कोटिहोमको प्रभाव हो । यस अवधिमा भारतीय पर्यटकको पनि आकर्षण बढेको छ ।'
जमिनको सतहबाट करिब १०० मिटर चट्टानबाट रसाएका पानीका थोपाले स्नान गर्दै केही तल झरेपछि गुफाभित्र फराकिलो स्थानमा अवस्थित महादेवको



दर्शन गर्न पाइन्छ । शिव भगवान्लाई दाँहिने पार्दै १०० मिटरको दूरीभित्र पुगेपछि खुला ठाउँ छ ।
अध्यक्ष बाँस्तोलाले भने, 'पत्रे चट्टानमा विभिन्न देवदेवीका आकृति देखिनुका साथै सिद्धार्थ राजमार्गको प्राकृतिक पुलमुनिबाट सिँधा उभिएर देखिने पातले छाँगोसँगै तलाउमा देखिने झरनाको प्रतिविम्बले पर्यटकलाई मनमोहक बनाउने गरेको छ भने कोटिहोमले गुफाको प्रचारप्रसार गरी पर्यटन प्रवरद्धनमा सहयोग पुऱ्याएको छ ।'
गुफाभित्र अवस्थित महादेवको दर्शन गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वासका साथ दर्शणार्थी पटकपटक यहाँ आउने गरका उहाँले बताउनुभयो । उहाँका अनुसार गुफा २०५० सालमा पत्ता लागेपछि प्रचारप्रसारमा भएको हो ।
कोटिहोमका माध्यमबाट गुप्तेश्वर गुफासँगै रहेको पातले छाँगो, तालबाराही, विन्ध्यवासिनी भन्दिर, पुम्दीकोट शिव मूर्तिलगायत धार्मिक तथा फेवाताल, सराङकोट, शान्तिस्तूपालगायत विभिन्न पर्यटकीयस्थलसहित पोखराको पर्यटन प्रवद्र्धनमा सहयोग पुगेको पर्यटन व्यवसायीको भनाइ छ ।
विश्व शान्तिको कामनासहित पोखरालाई प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथद्वारका रूपमा परिचित गराउँदै गण्डकी प्रदेशका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थस्थल, मठमन्दिरको महत्वलाई विश्वभर परिचित गराउने लक्ष्य रहेका मानवसेवा फाउण्डेसन नेपालका अध्यक्ष एवं महायज्ञ सङ्कल्पकर्ता बालयोगेश्वर विजयश्री कृष्णमूर्ति महाराजले जानकारी दिए ।
उनका अनुसार कोटिहोमका माध्यमबाट धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिस्तरमा पु¥याउँदै पोखराको पर्यटन प्रवद्र्धनमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वासका साथ वैदिक ज्ञान, धर्म परम्परालाई आधुनिक समाजमा पुनःस्थापित गर्दै वैज्ञानिक, सामाजिक र आध्यात्मिक पक्षको उजागर गर्न सहयोग पुगेको छ ।
मन्दिरको २९ रोपनी १२ आनासहित आसपासका झण्डै ८० रोपनी जग्गाभित्र १०० कुण्ड निर्माण गरिएको छ । त्यसमा आचार्य, ब्राह्मणसहित ३०० जनाले जौ, तिल, चामल, घ्यू र अन्य द्रव्य मिश्रित चरु तयार गरी गत वैशाख १७ गतेदेखि सुरु गरिएको कोटिहोमको हवन आज सम्पन्न भएको महायज्ञ सङ्कल्पकर्ता महाराजले जानकारी दिए ।
डेढ महिनासम्म सञ्चालन भएको कोटिहोममा लाखौँ भक्तजनले सहभागिता जनाउनुका साथै १० करोडभन्दा बढी रकम सङ्कलन भएको कोटिहोम सहइञ्चार्ज युवक लामिछानेले जानकारी दिए ।रासस

# सत्तापक्ष र प्रतिपक्षको आँखाले होइन सुशासन व्यवहारमा प्रकट हुनुपर्छः गोकुल बाँस्कोटा



*नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पोलिटब्यूरो सदस्य तथा पूर्वमन्त्री गोकुलप्रसाद बास्कोटाले नेपाली राजनीतिमा हक्की र खरोस्वभाव तथा स्पष्ट वक्ताको बेग्लै परिचय बनाएका छन् ।*

*पत्रकारिताकै पृष्ठभूमि रहेका उनी प्रतिनिधिसभाका गएका दुवै निर्वाचनमा आफ्ना प्रतिस्पर्धीलाई भारी मतले हराउँदै विजयी भएका थिए ।*

*नेपालको संसदीय अभ्यास, संविधान संशोधन, सङ्घीयता, विकास निर्माण, युवाको विदेश पलायन, भ्रष्टाचार न्यूनीकरण, सुशासन प्रवद्र्धनलगायत समसामयिक विषयमा राससका प्रमुख समाचारदाता नारायण न्यौपानेले लिएका अन्तर्वार्ताको सम्पादित अंश :*

**माननीयज्यू, अहिले केमा व्यस्त हुनुहुन्छ ?**

– अहिले संसदमा बजेट अधिवेशन चलिराखेको छ । हाम्रो व्यस्तताको एउटा नियमितता छभने अर्को आकस्मिक छ । नियमितताभित्र नियमित संसदीय काम कारबाही र राजनीतिक दलहरुसँग सम्बन्धित काम गर्छौं । मतदाता र नीति निर्माता भेट्छौँ । आस्मिक रुपमा नसोचेका कुरा पर्छ । जस्तो अहिले सदन निरन्तर चल्नुपर्नेमा अवरोध भइराखेको छ । त्यस सम्बन्धित विषय, बजेट निर्माण र आफ्ना निर्वाचन क्षेत्रका जनताको आवाज उठाउने काम भइरहेको छ ।

**मुलुकको संसदीय अभ्यासलाई कसरी हेर्नुभएको छ र कसरी जानु पर्थ्यो भन्ने लाग्छ ?**

–यसमा विश्लेषनात्मक पाटो जरुरत पर्दछ । हामीले तीनवटा राजनीतिक अभ्यास गर्‍यौँ । एउटा जहानियाँ राणा शासन, अर्को वंशको तन्त्र अर्थात् निरङ्कुशताभित्रको एक दलीय व्यवस्था र अहिले रोजेको हामीले लोकतन्त्र र गणतन्त्र छ । लोकतन्त्रको प्राप्तिपछि तत्कालीन सात राजनीतिक दल र सशस्त्र विद्रोहमा रहेको माओवादीले मुलुकलाई नयाँ प्रस्थान दिने कोसिस गर्‍यौँ । राजनीतिक अभ्यासमा व्यवस्थाका हिसाबले यो राम्रो रह्यो तर यसका कैयन् चीजहरु अभ्यासले परिस्कृत हुनुपर्नेमा हामी ठाउँमा–ठाउँमा चुकियो । हामीले संसदीय अभ्यासमा सत्तापक्ष र प्रतिपक्षको आँखाले मात्र हरेक घटनालाई हेर्न कुरा दुःखद लाग्छ । मुलुकलाई आवश्यकता र जनताको चाहना, विश्व परिस्थिति र त्यससँगै दौडिनुपर्ने कुरातर्फ हाम्रो संसदीय अभ्यासले ध्यान पुर्‍याएको लाग्दैन । जसका निम्ति हामीले अझै केही समय पर्खिनुपर्छ । वा केही हण्डर र ठक्कर खाँदै अगाडि बढ्नुपर्छ ।

**नेपालका अभ्यास गरिरहेको परराष्ट्र नीति र समाजवादसम्बन्धी अर्थव्यवस्थालाई कसरी हेर्नुभएको छ ?**

–अघिल्लो प्रश्नकै निरन्तरता भित्र यसलाई हेर्न सकिन्छ । हामीले राजनीतिक परिवर्तनलाई विचार, सङ्गठन, अभिव्यक्ति, फ्री प्रेसलाई मात्रै डेमोक्रेसीको बोर्डर फ्रेमवर्कलाई मात्र हेर्न हुँदैन थियो । सँगसँगै अब मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणतर्फ कता जाने भन्नेमा न्यूनतम राष्ट्रिय लक्ष्य निर्धारित हुनुपथ्र्यो, जहाँ मतभिन्नता होइन एकरुपता चाहिन्छ । मुलुकले विकासमा फड्को मार्नुपर्छ । त्यो समयको गतिलाई लिड गर्ने पनि क्षमता विकास गर्नुपर्छ । तर, मलाई लाग्दैन कि नेपालले तत्कालै विश्व समयको प्रगतिलाई लिड गर्न सक्छ ! तर हामी छुट्नु चाहिँ भएन । सँगसँगै कम्तीमा यात्रामा हुनुपथ्र्यो भन्ने हो । यसमा राजनीतिक दल चुकेका छन् । किनभने हाम्रो परराष्ट्र नीतिमा एकरुपता छैन । सरकार नै पिच्छे फरक छ । जुन कुरा अत्यन्त घातक र गलत छ । जनतामा नेपालको राजनीतिक प्रणालीले मार्गदर्शन गर्दै त्यही आधारमा चल्छ भन्ने मान्यता रहेन । हिजोजस्तै आज पनि दिल्ली, मस्को, बेइजिङ, वासिङ्टन र लन्डनको मानसिकता जीवित रहनाको कारण के हो ? त्यसलाई पन्छाउन पर्थ्यो । त्यो उठ्नै नसक्ने गरी समाप्त गरिदिनुपथ्र्यो । यहाँ जे कुरा हुन्छ, नेपाली जनमत, राजनीतिक दलको स्वाभाविक अभ्यासबाट भएका हुन् भन्ने बुझाइ स्थापित हुनुपथ्र्यो । त्यो परराष्ट्र नीतिमा एकरुपता नहुनाको परिणती हो । परराष्ट्र नीतिका कुरा गर्दा खाली पञ्चशीलको एउटा फ्रेमवर्क मात्र छ । कतै न कतै भन्ने खाले कुरा अनुभूतिको माध्यम बनिराखेको छ । त्यो सत्यमा, अनुभूतिमा र आशङ्कामा कति आधारित छ ? त्यसलाई हटाउन गर्न सकेनौँ ।

अर्कातर्फ हामी सबैले समाजवाद भन्यौँ । तर, समाजवादको ढाँचा कस्तो हुने र केमा न्यूनतम सहमति गर्ने भन्नुको साटो सामाजिक सुरक्षामै अल्झिन्छौँ । सामान्य वृद्ध भत्ताका सन्दर्भमा समेत ६८ र ७० वर्षको उमेर हदमा अल्मलियौँ । स्वास्थ्य बिमामा फरक–फरक मान्यता छन् । शिक्षा र स्वास्थ्य राज्य र निजी क्षेत्रको दायित्व कति भनेर हेर्नपर्नेमा त्यो भएन । उद्योगमा समाजवाद अनि स्वास्थ्यमा पुँजीवाद खोजियो भने समाजवाद अपूर्ण हुन्छ ।

उत्पादनको क्षेत्रलाई बरु निजीतर्फ बढ्ता जोड दिनुपर्छ । केही चीजमा राज्यले समान न्याय, समान पहुँच, समान अवसर र समान भूमिका दिनुपर्ने हुन्छ । त्यहाँ समाजवाद झल्किनु पर्छ । त्यसमा राजनीतिक दलबीच मतभिन्नता छ ।

**वर्तमान सरकार गठनको पृष्ठभूमिसँगै चर्चामा रहेको संविधान संशोधनको पाटोलाई कसरी हेर्नुभएको छ ?**

– हामीले समावेशिता नेपालको अनिवार्य सर्त हो भनेका छौँ, तर समानुपातिक के हो ? त्यसको मोडालिटी कस्तो हुनुपर्ने ? राजनीतिक प्रणाली जुन अवलम्बन गरिन्छ त्यसअनुरुप पार्टीहरुको आन्तरिक राजनीतिक प्रणाली अवलम्बन गरिनु पर्दछ । त्यहाँ फरकपन देखिन्छ । निर्वाचन आयोगमा खाली वार्षिक आयव्ययको प्रतिवेदन बुझाउने वा महाधिवेशन गर्ने मात्रै कुराले गणतन्त्र बलियो हुँदैन । पार्टीभित्रको आन्तरिक लोकतन्त्रको असल अभ्यास हुनुपर्छ । त्यसमा चुकेका छौँ । समानुपातिक जनताले छानेको भन्दा नेतृत्वको रोजाइमा परेको, खल्तीबाट झिकिएको भने आम बुझाइ छ । आरोप होइन है । नयाँ परिष्कृत ढङ्गले जान नसक्दा अस्थिरता आएको पक्षलाई मनन गरिनुपर्छ ।

हामीले अहिले रोजेको निर्वाचन प्रणालीले कसैलाई बहुमत दिन्न । १३८ सिट नआई बहुमत हुँदैन, त्यो पुग्न कठिन छ । अर्कातर्फ दलहरुबीच सहकार्यको संस्कृति अवलम्बन गर्न नसक्नुका कारण घोषणापत्र फरक छन् । न्यूनतम साझा राज्यका मुद्दा कसैले बोकेका छैनौँ । सबैले आफ्नो सर्वोच्चताका कुरा बोकेका छौँ । पार्टीका विचारधारा, गन्तव्य र राजनीतिक मान्यता र दार्शनिक हिसाबले हुन सक्दछ । यद्यपि, कैयौँ चीजहरु भने दर्शनभन्दा बाहिर हुन्छ ।

परराष्ट्र नीतिमा राजनीतिक दल विशेषको विचारधाराको के अर्थ हुन्छ ? त्यहाँ उदार पुँजीवाद, नवउदारवाद र वामपन्थीले भन्ने गरेको समाजवाद भिन्नता हुन्छ ? परराष्ट्र नीति एउटै हुनुपर्छ । त्यहाँ कुनै वाद र विचार भन्ने नै व्यक्त हुँदैन । त्यसमा अलि सोच्नुपर्ने हुन्छ । अर्कातर्फ हामीले संरचना धेरै बनायौँ कि भन्ने छ । एउटा समावेशी आयोग भए पुग्नेमा १२ वटा आयोग किन चाहियो । त्यसैमा ५० प्रतिशत महिलासहित सबै जाति र समुदायको प्रतिनिधित्व गराइदिए भैगयो । राज्यको स्रोत कहाँ प्रयोग गर्ने ? सङ्गठनात्मक कि उत्पादनका संरचना निर्माणमा भन्ने स्पष्ट नीति छैन । गरिबीमा लोकतन्त्र दूषित हुन्छ, त्यसैले हामीलाई समृद्धि चाहिएको छ । हाम्रा प्रदेशकै सङ्ख्याबारे अनेक मान्यता छन् । यसमा म अलि फरक मत राख्छु । दुई तहको सङ्घीयता भए हुन्छ कि हुँदैन ? सेवा प्रवाह दिने आँगनको र परराष्ट्रदेखि सम्पूर्ण राजनीतिक नीति निर्माण गर्नेमाथि सरकार भएपछि अरू किन चाहियो भन्ने प्रश्न पनि उठ्या छ ।

ती पनि जनताबाटै उठ्या प्रश्न हुन् बाहिरबाट लादिइएका होइन । पालिका सङ्ख्या र उस्तै प्रकृतिका संस्था कति राख्ने भन्नेमा स्पष्ट हुन जरुरी छ । राजनीतिक सङ्क्रमणकालीनको अवस्थामा विगतमा जनताका असीमित चाहनालाई संविधानमै समेट्ने कोसिस गर्‍यौँ । जनभावनालाई निरन्तर प्रतिनिधित्व गर्नेतर्फ सोचिएन । त्यसले पनि केही समस्या निम्त्यायो भन्ने लाग्छ ।

लोकतन्त्रमा निर्वाचनको विकल्प नभए पनि स्थिरताका लागि अभ्यासमा देखिएका कमजोरी सच्याउन निर्वाचन प्रणालीमा सुधारको खाँचो छ । समानुपातिकको ठाउँमा ३३ प्रतिशत महिलालाई प्रत्यक्षमै स्थान सुरक्षित गर्दै केही जातीय समुदायको प्रतिनिधित्व राष्ट्रियसभामा गराउन सकिन्छ । प्रतिनिधित्व हुन नसक्ने समुदायको आवश्यकता र चाहनाको आवाजलाई राष्ट्रिय मत बनाएर बुलन्द गर्न सकिन्छ ।

**सङ्घीयताको सौन्दर्य भनेको प्रदेश हो, प्रदेश हटाएर कसरी त्यो अभ्यास गर्न सकिएला र ?**

– हामीलाई आफूले बोकेको भारीले आफैँलाई नथिचोस् । थेग्न पनि सक्नुपर्यो नि त ! म सङ्घीयताको विरोधी हैन । गणतन्त्र सर्वेसर्वा हो । सङ्घीयता त प्रणालीभित्रको एउटा विषय हो । गणतन्त्र उद्देश्य र गन्तव्य हो । उदाहरणका लागि मानिसको मुख्य सपना घर बनाउनेछ । घरमा कोठा, झ्याल र भर्‍याङ जता फर्काए नि हुन्छ । त्यसैगरी, गणतन्त्र चाहिँ राज्यकै गन्तव्य हो । बाँकी कोठामा के गर्ने, कुन रङ्ग लगाउने, कस्तो सजावट गर्ने भन्ने विषय आर्थिक क्षमतामा भर पर्छ । यो पनि त्यस्तै विषय हो ।

हामीले सोच्नुपर्ने सुशासन हो । भोट त जसले बढी ल्याउँछ उसैले जित्छ नि । पढेकै मानिस विद्वान हुनुपर्छ भन्ने छैन । प्रदेशले बनाएका शैक्षिक कानुन कता छन् ? प्रदेश नै पिच्छे फरक कानुन बनाइएको छ, यो के गर्‍या । नियन्त्रण र सन्तुलनमा विवेक देखिन्न । यसबाट अराजकता हुन्छ । 'मोनिटरिङ सिस्टम' सहितको चुस्त दुरुस्त हुनुपर्छ । सङ्घीताको दुईटा मान्यता छन् । एउटा जन्मजात मिलेका र बाहिरबाट पछि आएर मिलेका राज्य, अर्को भनेको ठूला देश जहाँ विशाल भूगोल र जनसङ्ख्या छ । हाम्रो जस्तो सानो देशमा तहगत संरचना धेरै नभए पनि हुन्छ । के फरक छ पहिलाका पाँच विकास क्षेत्र र अहिलेका सात प्रदेशमा ? अहिलेसम्म कानुन बन्न नसक्नुमा केही जटिलता छ । छलफलको पोको निस्केपछि यसबारे थप धारणा राख्छु ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस र माओवादी परिवर्तनका संवाहक हुन्, तीन दल नमिलेसम्म देशले समृद्धिको गति लिन सक्दैन, उनीहरुका बीचमा किन हार्दिकता हुन सकेन भन्ने लाग्छ ?**

–केही विषय पार्टी र सरकारभन्दा माथि हुन्छन् । त्यसको सिमा हामीले बुझ्न सकेनौँ वा चाहेनौँ वा प्रयोगमा ल्याएनौँ । समस्या त्यही नेरछ । विद्यमान चुनाव प्रणालीबाट चुनावमा कसैको पनि बहुमत आउँदैन, तर सबैलाई सरकार चाहिएको छ । प्रत्यक्ष निर्वाचन वा समग्रमा ठूलो दलले नेतृत्व गर्छ, अरू मिसिन सक्छन् भनी संविधानमै लेख्नुपर्छ । दश र सात सिटेलाई प्रधानमन्त्री बनाएर गएपछि नीति र जनमतको सम्मान हुन नसकेको हो । सबै दल मिल्ने हो भने एउटै बनाए भैगयो नि, तर त्यहाँ फेरि अर्को अटोक्रेसीको जन्म हुन्छ । राष्ट्रिय सहमतिका आधारमा न्यूनतम साझा अवधारणा बनाएर कम्तीमा १०–२० वर्ष काम गर्ने हो भने आर्थिक र परराष्ट्र नीति स्थिर हुन्छ ।

राष्ट्रका साझा विषयमा न्यूनतम सहमति नहुँदा सत्तामा हुँदा राम्रो बिम्ब देख्ने, प्रतिपक्षमा गएपछि खराब देख्ने दूषित मानसिकताद्वारा राजनीतिमा विषाक्त छ, त्यो अन्त्य गर्न प्रमुख दलले सत्तामा हुँदा सेवा प्रवाह र विपक्षमा रहँदा जनताको आवाजलाई मुखरित गर्नुपर्छ । लोकतान्त्रिक संसदीय व्यवस्थाले सत्ता र प्रतिपक्ष दुवै खोज्छ र स्वीकार गर्छ ।

**हरेक सरकार बदलिँदा भ्रष्टाचार र सुशासनका कुरा उठाउने गरिए पनि भ्रष्टाचार मौलाइरहेको छ, यस्तो किन हुन पुग्यो ?**

–एउटा साधारण उदाहरण मेलाम्ची परियोजना किसुनजीको कल्पना हो । सबै सरकारले त्यसलाई निरन्तरता दिए । कसको पालोमा शिलान्यास, सुरुङको ब्रेक थ्रू, पानी खसाल्यो, उद्घाटन भयो भन्ने कल्चरबाट हामी बाहिरिनु पर्छ । यसमा ठूला नेतामै रुपान्तरण आवश्यकता छ । नयाँ पुस्तालाई असल पाठ सिकाएर अभ्यस्त बनाउनुपर्छ । असल संस्कार हस्तान्तरण गर्न आफैँ अनुयायी भए के हुन्छ ? कतिपय विषय प्रणालीले नै काम गर्दिएको हुन्छ । उदाहरणका लागि भूकम्पले राससको भवन भत्किएपछि जुन सरकार भए पनि बनाउने व्यवस्था गर्दथ्यो, जमिन थियो नै, संयोग म सञ्चारमन्त्री हुँदा बजेट सुनिश्चिता भयो, तर यसको सबै श्रेय मैले नै लिनुपर्छ भन्ने होइन । सुशासन व्यवहारमा प्रकट हुनुपर्छ, आरोपमा मात्रै होइन । एउटा दल र मानिस विपक्षमा हुँदा फाइल खोलौँ भन्छ, सत्ता पक्षमा हुदा खोल्दैन । अर्कातर्फ हाम्रो नेपाली समाजमा कसैलाई अभियोग लाग्ना साथ राक्षसजस्तो ठान्छौँ । उठेको विषयको निरुपण आउन दिनुपर्छ । बदला र प्रदूषित राजनीतिबाट मुक्त हुनुपर्छ । भएका राम्रा कामको श्रेय सबैले लिनपर्छ ।

**अहिले भइरहेको सदनको अवरोधप्रति तपाईंको धारणा के हो ?**

–भ्रष्टाचारको विषय उठ्नासाथ संलग्न हो कि होइन ? संलग्नता कति होला ? त्यो पहिचान हुनुपर्यो । यस्ता चीजहरु त आइरहन्छन्, हेर्नुस् यो घटनामा आधारित भएर कति विषय आउँछन्–जान्छन् । अहिले सदन अवरुद्ध गर्नुपर्ने कारण देखिँदैन । खुद अख्तियार नियमनकारी निकायले 'छानबिन गर्दै छु है, हात हाल्या छु' भन्छ भने अब अभियोजन गर्ने अधिकार संस्था त्यही हो । अनुसन्धान र अभियोजन दुइटै गर्छ उसले । प्रतिवेदन आउन्जेल त पर्खिदिनु पर्‍यो नि होइन र ? यहाँ हामीलाई धैर्यताको अभाव छ । बुझेको विषयलाई बुझ पचाएर प्रस्तुत हुनु हुँदैन । राजीनामा दिने नदिने स्वयं व्यक्तिमा भर पर्ने विषय हो ।

मेरो बारेमा मुद्दा उठ्दा मैले राजीनामा दिए । कसैलाई छोड्न मन लाग्दैन भने छोड्दैन नि त । आ–आफ्नो कुरा हुन्छ । तर उसले उन्मुक्ति पाउँछ कि पाउँदैन भन्ने विषय अख्तियारले हेरेपछि विश्वास गर्नुपर्छ । कानुनले कसैलाई पनि उन्मुक्ति दिँदैन । त्यही कारणले लोकतान्त्रिक गणतन्त्र छ । पञ्चायत, राजतन्त्र र हुकुमतन्त्र हैन नि । कानुनले जे भन्छ त्यही हुन्छ । अनुसन्धानको प्रक्रियाले जे निष्कर्ष आउँछ, त्यही हुन्छ । आरोप लागेलाई दया र मायाले बचाइदिने होइन । बजेट रोक्नु भनेको जनतालाई रोक्नु हो । यो फेल हुन्न । नेकपा (एमाले) र कांग्रेसमध्ये एउटा फ्याक्टरल हुन्न भने पो रोकिन्छ अन्यथा अघि बढ्छ । पास हुन्छ । आर्थिक मूल नीति र बजेट अब के परिवर्तन हुन्छ त ?

**युवा विदेश पलायन हुने क्रम बढिरहेकै देखिन्छ । देशभित्र पनि सरकारी निकाय र संयन्त्रप्रति आमनागरिकको विश्वास कमजोर बन्दै देखिन्छ, किन यस्तो भयो भन्ने लाग्छ ?**

– हो, राज्यले नागरिकलाई अवसर छ भन्ने वातावरण दिनुपर्छ । राज्यका पनि कमजोरी छन् । तर, राज्य मात्र जिम्मेवार छ भन्न मिलेन । १२ कक्षा उत्तीर्ण हुने बित्तिकै विदेश पठाउने त अभिभावकहरु नै हुन् नि । यो व्यक्तिको स्वतन्त्रताको अधिकार हो । अध्ययन गर्न, घुम्न र रोजगारीका लागि अन्य देश जानु उसको अधिकार हो भने राज्यले उसलाई कसरी रोक्नु त ? पक्कै पनि प्रणालीमा पारदर्शिता चाहिन्छ । हाम्रो शिक्षाले रोजगारी सृजना गर्न सक्नुपर्यो । शिक्षाले गुणस्तरमा वृद्धि र मानसिकतामा सकारात्मक परिवर्तन ल्याउनुपर्छ ।

कुनै पनि देश आफ्नै जनताले बनाउने हो । अर्काले दिने त सहयोग हो । काँध त आफैँले थाप्ने हो । त्यसैले यसमा धेरै चिन्ता लिनु हुँदैन ।

परम्परागत उत्पादन प्रणाली र सम्बन्धहरुसँग रमाइरहेका बेला राज्यले अनिवार्य दिनुपर्ने न्यूनतम विकासका पूर्वाधार सेवा उपलब्ध गराउन सकेन । शिक्षा, स्वास्थ्य, यातायात, खानेपानीलगायत अत्यावश्यक सेवाको अभावमा सुविधा खोज्दै सङ्घर्ष गर्नकै लागि पनि बसाइँसराइ गर्न थालियो ।

गाउँबाट सदरमुकाम, सदरमुकामबाट काठमाडौँसम्म अवसरको खोजीमा सर्न थालियो । काठमाडौँबाट विकासको प्रक्रियाले अर्को सपना जाग्यो भने ऊ जान्छ नि त । यो निरन्तर चल्ने प्रक्रिया हो । मान्छे सन्तुष्ट हुने जात पनि होइन । त्यहाँ राज्य दोषी छैन । तर, कमजोरी पक्कै छन् । अहिले जागिर पाइएन भनेको सुन्छौँ तर, प्लम्बिङमा हाम्रो पैसा बाहिर गइरहेको छ ? त्यही काम अन्य देशबाट आएका कामदारले गरिरहेका छन् । आफ्नो घरको भर्‍याङ नपुछ्ने अर्काको शौचालय सफा गर्ने प्रवृत्ति छ । हामीले जस्तोसुकै श्रमलाई पनि सम्मान गर्ने संस्कृति विकास गर्नुपर्छ । विधायिकाको मुख्य जिम्मेवारी कानुन निर्माण हो, तर सदनमा उपस्थिति सङ्ख्या (कोरम) पुग्दैन, उत्ता बजेटका लागि मन्त्रालयको कोठा भेटिनुहुन्छ, **किन ?**

–यो व्यावहारिक जीवनको कुरा हो । निर्वाचनमा जनतासँग सडक, पुल, स्वास्थ्य संस्था र विद्यालय निर्माण गर्छु भनेर भोट प्राप्त गरेको छु । मलाई कानुन बनाउँछु भनेर मात्र भोट प्राप्त हुँदैन । सार्वजनिक सेवाका सम्पूर्ण क्षेत्रमा नेतृत्वकारी भूमिका खेल्छु भनेर भोट मागिन्छ । ठूलो कमजोरी हो । कोही पनि सांसदले कानुन राम्रो बनाउँछु भनेर त चुनाव जितेकै छैन । जनता झुक्याउने कुरा गरेर हुँदैन । प्रधानमन्त्री छान्ने, बजेट पास र फेल गर्नेमा दलीय ह्विप ठीक होला । कानुन बनाउने कुरामा ह्विप लगाउनु हुँदैन । 'पोलिसी मेकिङ'मा पनि ह्विप लगाइदिएपछि सांसदको भूमिका के बाँकी ! अर्कोतर्फ सांसदसँग धेरै अपेक्षा गरेपछि लगानी पनि सोहीअनुसार हुनुपर्छ । हो, जनता पनि कानुन निर्माण र सुशासन दिइन्छभन्दा मत हाल्छन् त ? निर्वाचनको समयमा रेष्टुरेन्टबाट फोन गरेर सोध्छन के गर्नु हुन्छ भनेर तर, म त्यस्तालाई भोट हाल्नुहुन्छ भने धन्यवाद दिन्छु । हाल्न हुन्न भने उहाँको अधिकार हो । सुविधाका कुरा गर्दा सांसद १० मिनेट बसेर सोच्नका लागि एउटा छुट्टै टेबल र कोठा छैन । स्वकीय सचिव कहाँ बस्ने, चौरमा गएर सुत्ने कि घाम तापेर बस्ने ? आगामी दिनमा यसको व्यवस्थापन गर्दै जानुपर्छ । सांसद सङ्ख्या कम होस् तर जवाफदेही बनाइनुपर्छ । जुम्ला, हुम्ला कालीकोट, डोल्पा, ताप्लेजुङ जस्ता विभिन्न ठाउँबाट आएका सांसदलाई आवासको व्यवस्था छैन, त्यो अव्यावहारिक पनि छ । बजेट आइसक्यो अझै योजना पर्या छैन भन्छन् । संसद्मा बजेटका विषयमा अब हुने छलफल दन्त बजान मात्रै हो भन्ने बुझ्दैनन् । पाना पल्टाएर योजना खोज्छ, हाल्या योजना कार्यान्वयनमा लैजानलाई मङ्सिर पुस लाग्छ । यस प्रणालीमा पनि सुधार हुनुपर्छ ।

**राज्य जिम्मेवार भएन, आफ्ना दुःख–कष्ट कसलाई सुनाऔँ भनी बसेका जनतालाई आशा प्रदान गर्ने तपाईंको सन्देश केही छ ?**

–म हिरोइजमको खोजी गर्दिनँ । लास्टमा हिरो आउँछ भन्ने विश्वास पनि गर्दिनँ । समाज नै हिरो हो । सार्वजनिक सेवा प्रवाहमा नागरिकले भोग्दै आएका समस्या चिन्ताजनक छ । उदाहरणका लागि मालपोत र राष्ट्रिय परिचयपत्र डिजिटल हुन्छ भनिन्छ । तर त्यहाँ नागरिक लामो लाइन बस्न बाध्य छन् । ती कार्यालयमा सर्भर बिग्रियो भनेर सेवा दिन ढिलाइ भइरहेको हुन्छ । त्यहाँ ठेक्कामा काम हुन्छ । मेरै जिल्लामा पनि सर्भर बिग्रिएको भन्छन्, अनि सेटिङमा काम हुन्छ । लौरो लिएर धर्ना कस्न मिलेन । फर्म भरेको तीन दिनभित्र उसको काम सम्पन्न हुनुपर्ने कानुन ल्याउनुपर्छ । सेवा उपलब्ध गराउने जिम्मेवारीमा रहेका अधिकारीहरुलाई बाध्यकारी व्यवस्था नगरेसम्म, यो सुधार हुनेवाला छैन । कामचोर प्रवृत्ति छ । यसबाट निमुखा मर्ने हो ।

बाघलाई कसैले बलि दिएको आजसम्म थाहा पाएको छैन । त्यो एउटा सामान्ती चेतबाट हामी अलग हुनु पर्‍यो । नागरिकलाई नागरिकका रुपमा हेर्नु पर्‍यो । उनीहरुले तिरेको करबाट कर्मचारी र नेताहरुले तलब बुझ्छन् । राज्यबाट नागरिकलाई उपलब्ध गराइने सेवासुविधालाई सर्वसुलभ र सहज तुल्याउन आवश्यक छ । जिब्रो चपाएर र मौका परस्त कुरा गर्ने खराब बानी सबैले त्याग्नुपर्छ ।रासस

# मधेशमा अझै ५० प्रतिशतभन्दा बढी निरक्षर, शिक्षामा प्रदेश सरकारको चासो न्यून

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशमा अझै पनि आधाभन्दा बढी जनसंख्या निरक्षर छ । राष्ट्रिय जनगणनाको तथ्यांकअनुसार प्रदेशको कुल जनसंख्यामध्ये ५०.५ प्रतिशत मानिसहरू अझै पनि अक्षर चिन्ने अवस्थामा छैनन् । साक्षर जनसंख्या ४९.५ प्रतिशतमा सीमित हुँदा पनि शिक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने प्रदेश सरकारले बजेट विनियोजनमै उपेक्षा गरेको देखिएको छ । चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारको कुल बजेटमध्ये शिक्षा तथा संस्कृति मन्त्रालयको हिस्सा करिब ६ प्रतिशत मात्र रहेको छ । त्यसमा पनि शिक्षा एक्लो प्राथमिकता नभई संस्कृति समेत जोडिएको मन्त्रालय भएकाले थुप्रै योजनाहरू संस्कृति संरक्षण र प्रवद्र्धनमा केन्द्रित छन् । यस्तो अवस्थामा शिक्षा क्षेत्रका आवश्यक पूर्वाधार, गुणस्तर, पहुँच र सुधार योजनाहरू ओझेलमा पर्ने खतरा बढेको सरोकारवालाहरूको चिन्ता छ ।




'प्रदेशमा शिक्षा नै विकासको आधार हो भन्ने सन्देश बजेटमार्फत आउनुपर्ने हो । तर, प्रदेश सरकारको दृष्टिकोण अझै भाषणमै सीमित छ,' शिक्षाविद् डा. राजेन्द्र यादव भन्छन्, 'बजेट हेर्दा शिक्षा नीति भन्दा पनि सांस्कृतिक महोत्सव र परम्परागत कार्यक्रममै केन्द्रित देखिन्छ ।' प्रदेशको ग्रामीण भेगमा अझै विद्यालयको भौतिक पूर्वाधार कमजोर छ । कतिपय विद्यालयहरू शिक्षकको चरम अभावमा सञ्चालन हुँदै आएका छन् । शिक्षण सिकाइको गुणस्तर न्यून छ भने आधुनिक प्रविधिको पहुँच झनै न्यून । यस्तै चुनौतीका बीच पनि शिक्षामा प्रयाप्त लगानी नहुँदा प्रदेशको समग्र सामाजिक र आर्थिक विकास नै प्रभावित हुने विश्लेषण गरिन्छ । शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरू भन्छन्, 'शिक्षामा बजेट बढे मात्रै होइन, त्यो बजेट प्रभावकारी ढंगले खर्च पनि हुनुपर्छ ।

अहिले त न बजेट पर्याप्त छ, न त खर्च प्रभावकारी । योजनाहरू प्रायः कागजमै सीमित छन् ।' प्रदेश सरकारले शिक्षा नीतिलाई 'भिजन कागज' मात्र बनाएको आरोप पनि लाग्न थालेको छ । स्थानीय तहहरूमा शिक्षा विकासका लागि आवश्यक समन्वय र नीति–निर्माण समेत कमजोर छ । प्रदेश सरकारको शिक्षा मन्त्रालयले तयार पारेका केही दीर्घकालीन योजना कार्यान्वयन चरणमा पुग्न सकेका छैनन् । विकासका हरेक सूचकमा पछाडि देखिएको मधेश प्रदेशमा शिक्षा क्षेत्र अझै पनि राजनीतिक घोषणामा सीमित हुँदा दीर्घकालीन असर पर्ने देखिएको छ । शिक्षा क्षेत्रमा ठोस सुधार र बजेटीय प्राथमिकता नआउँदासम्म निरक्षरता घटाउने राष्ट्रिय लक्ष्य पनि मधेशमा अधुरो नै रहने देखिन्छ । सामाजिक अभियन्ता सविता चौधरी भन्छिन्, 'निरक्षरता दर घटाउन प्रदेश सरकारले शिक्षालाई प्राथमिक नीतिको रूपमा लिनुपर्छ । बालबालिका विद्यालय आउन पाउने वातावरण, शिक्षकको व्यवस्था, पाठ्यपुस्तकको सहज आपूर्ति, विद्यालयसम्मको पहुँच सुधार नगरी हामी शिक्षामा अग्रगामी फड्को मार्न सक्दैनौं ।' संविधानले शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरे पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर देखिएको छ । शिक्षाविद्हरूले जसरी स्वास्थ्य र पूर्वाधारमा सरकारको ध्यान गएको देखिन्छ, त्यस्तै ढंगले शिक्षामा समेत ध्यान दिन आवश्यक रहेको बताउँछन् । शिक्षामा राज्यको लगानी बढे मात्र सामाजिक रूपान्तरण सम्भव हुने देखिन्छ ।

# असार १५ भित्रै भुक्तानी कागजात पेश गर्न आग्रह




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषाको जनकनन्दिनी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१÷८२ को भुक्तानी प्रक्रिया समयमै सम्पन्न गर्नका लागि सबै सरोकारवाला पक्षलाई असार १५ गतेभित्र आवश्यक कागजातहरू पेश गर्न आग्रह गरेको छ ।

गाउँपालिकाको आर्थिक प्रशासन शाखाले जारी गरेको सूचनामार्फत सम्बन्धित उपभोक्ता समिति, ठेकेदार, शाखा तथा वडा कार्यालयहरूलाई तोकिएको मितिभित्र सम्पूर्ण बिल, भरपाई, भौचर लगायतका कागजातसहित निवेदन पेस गर्न अनुरोध गरिएको हो । सूचनामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(७) अनुसार आ.व. २०८१÷८२ मा असार २५ गतेपछि भुक्तानी गर्न नपाइने व्यवस्था रहेको हुँदा अन्तिम मितिभन्दा कम्तीमा ७ दिनअघि सम्पूर्ण प्रक्रिया पूरा गर्नुपर्ने कानुनी बाध्यता रहेको भनिएको छ । आर्थिक प्रशासन शाखा प्रमुख सरोज कुमार यादवले भने, 'असार अन्तिममा भुक्तानीको चाप अत्यधिक हुने भएकाले प्रणालीमा समेत असर पर्न सक्छ ।

त्यसैले निर्धारित मितिभित्र कागजात नपेस गर्नेले आफैं जिम्मेवारी वहन गर्नुपर्नेछ ।' यस विषयमा गाउँपालिकाका अध्यक्ष दिपिन देव यादवले सबै वडाका अध्यक्ष तथा शाखा प्रमुखहरूलाई समयमै योजना सम्पन्न गराउन निर्देशन दिइसकेको जानकारी दिए । अध्यक्ष यादवले भने, 'जनताको करबाट आएको स्रोत सदुपयोग गर्न हामी प्रतिबद्ध छौं ।

त्यसका लागि कार्यान्वयन, मूल्यांकन र भुक्तानी प्रक्रिया स्पष्ट र समयमै हुन जरुरी छ ।' वडा अध्यक्षहरूले भने योजनाहरू तोकिएको समयमै सम्पन्न गर्न स्थानीय निकाय र उपभोक्ता समितिहरूबीच अझै प्रभावकारी समन्वय आवश्यक रहेको बताए । गाउँपालिकाले सूचना प्रकाशनसाथ सबै वडाहरूमा पठाइसकेको र कार्यान्वयनको निगरानी भइरहेको जनाएको छ ।

समयमा कागजात पेस नगर्दा भुक्तानी रोकिएर योजना अधुरो हुने सम्भावना बढ्ने भएकाले यो सूचना गम्भीरताका साथ लिन सम्बन्धित सबै पक्षलाई अनुरोध गरिएको छ ।

# रौतहटको विद्यालयमा कम्प्युटर चोरी तीन युवक पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको कटहरिया नगरपालिका–१ मा रहेको श्री माध्यमिक विद्यालयबाट कम्प्युटर चोरीको आरोपमा तीन जना युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही वडाको भासेढवा टोल निवासी २७ वर्षीय मुकेश दास, १९ वर्षीय राधेश्याम दास र १८ वर्षीय राजु दास रहेका छन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीका अनुसार ती युवाहरूले गत शनिवार राति विद्यालय भवनको दोस्रो तल्लामा रहेको लेखा शाखाको ताल्चा फोडी 'डेल' कम्पनीको कम्प्युटर सेट चोरी गरेका थिए ।




घटनाको भोलिपल्ट आइतबार साँझ प्रहरीले राजु दासको घरमा छापा मार्दा हालै चोरी भएको कम्प्युटरसहित पहिले चोरी भएका केही सामग्री समेत फेला परेको छ । डिएसपी कार्कीले भने, 'शंकास्पद रूपमा अनुसन्धान अघि बढाउँदा प्रमाणसहित उनीहरूलाई पक्राउ गर्न सफल भएका छौं । उनीहरूमाथि चोरी मुद्दामा अनुसन्धान जारी छ ।' विद्यालयका प्रधानाध्यापक राम मङ्गल यादवका अनुसार विद्यालयमा यसअघि पनि पहिलोपटक २०७७ र दोस्रोपटक २०८१ सालमा चोरी भइसकेको छ । ती घटनामा समेत कम्प्युटर र अन्य सामग्री हराएका थिए । अहिले पक्राउ परेका युवकहरू विद्यालयको छेउमै बसोबास गर्ने भएकाले यसअघि पनि चोरीमा संलग्न रहेको प्रहरी अनुसन्धानले देखाएको छ ।

स्थानीयवासीले विद्यालयमा पटक–पटक हुने चोरीको घटनाले शैक्षिक वातावरणमा नकारात्मक प्रभाव पारिरहेको भन्दै विद्यालय सुरक्षा कडा बनाउन माग गरेका छन् । प्रहरीले चोरीसँग सम्बन्धित सम्पूर्ण तथ्य संकलन गरी अभियुक्तहरूलाई कानुनी दायरामा ल्याउने प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

# राजस्व नतिर्ने उद्योगहरूमाथि कडाइ गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाले महानगरमा कारोवार गरिरहे पनि व्यवसायिक कर तथा अन्य राजस्व नतिर्ने उद्योगहरूमाथि कडाइ गर्ने निर्णय गरेको छ ।

पटक–पटक ताकेता गर्दा पनि अटेर गरेपछि महानगरले अब ती उद्योगहरूको विद्युत् लाइन काट्ने चेतावनी दिएको छ । महानगरको आफ्नै कार्यकक्षमा मंगलबार बसेको छलफलमा उक्त निर्णय गरिएको हो । छलफलमा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत अरविन्दलाल कर्ण, राजस्व शाखाका कर्मचारी तथा नेपाल विद्युत् प्राधिकरण वीरगंजका प्रमुख अवधेश दुबेसहित सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । छलफलमा कर नतिर्ने उद्योगले महानगरको समग्र राजस्व संकलनमा गम्भीर असर पारेको भन्दै अबको दिनमा कडा कदम चालिने चेतावनी दिइएको छ । वीरगंज महानगरले कर प्रणालीलाई प्रभावकारी बनाउँदै पारदर्शी तथा उत्तरदायी शासन प्रणाली स्थापनाका लागि सबै उद्योग तथा व्यवसायीहरूलाई समयमै कर तिर्न पुनः आग्रह गरेको छ । यसअघि पटक–पटक ताकेता गर्दा समेत केही उद्योगहरूले जानाजानी कर नतिरेको महानगरको भनाइ छ । महानगरले अब विद्युत् प्राधिकरणसँगको सहकार्यमा कर तिर्न अटेर गर्ने उद्योगहरूको बिजुली लाइन काट्ने प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ ।

# सेवाग्राहीको गुनासोपछि प्रमुख सिंहले गरे अनुगमन

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकामा रहेको राष्ट्रिय परिचयपत्र सेवा केन्द्रमा सेवाग्राहीले सास्ती पाएपछि महानगर प्रमुख राजेशमान सिंहले अनुगमन गरेका छन् ।

लामो लाइन, चर्को गर्मी र अव्यवस्थित सेवाका कारण सेवाग्राहीहरू समस्यामा परेपछि मेयर सिंहले अनुगमन गरेका हुन् ।

सेवाग्राहीहरूले पहिले आउनेको पालो मिचिने, चिनजानको भरमा सिधै प्रवेश हुने लगायतका गुनासाहरू मेयर सिंहसमक्ष राखेपछि उनले कार्यालयमा पुगेर सेवाग्राहीहरूसँग प्रत्यक्ष संवाद गर्दै गुनासो सुनेका छन् । साथै तत्काल सुधार गर्न पनि उनले निर्देशन दिए । प्रमुख सिंहले कार्यालयमा कार्यरत कर्मचारीहरूलाई सेवा सहज, पारदर्शी र मर्यादित बनाउन निर्देशन दिँदै चर्को गर्मीका कारण सेवाग्राहीका लागि 'कुलर'को व्यवस्था गर्न समेत सुझाव दिए ।

# वीरगंजमा विद्युत चोरीमा संलग्न व्यक्तिमाथि कारबाही




**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल विद्युत प्राधिकरण वीरगंज वितरण केन्द्रले विद्युत चोरीमा संलग्न व्यक्तिहरुलाई कारबाही गरेको छ । हुकिङ तथा गैरकानुनी रूपमा विद्युत प्रयोग गरिरहेको सूचनाको आधारमा प्रहरीको सहयोगमा छापा मार्दै चोरीमा प्रयोग भएका सामग्री बरामद गरिएको हो । प्राधिकरणका प्रमुख अवधेश कुमार दुबेको निर्देशनमा तथा कर्मचारी संघ वीरगंज इकाई समितिका प्रमुख सन्तोष कुमार झाको नेतृत्वमा खटिएको टोलीले वीरगंज महानगरपालिका–४ को नकटुवा र वडा नम्बर १६ को नगवा क्षेत्रमा छापा मारेको हो । अभियानमा जनपद प्रहरी, शसस्त्र प्रहरी र प्राधिकरणका कर्मचारीहरू राजेश दास तत्मा, इद महमद, विनोद मन्डल, पुनिलाल साह, बृज किशोर लगायतको सहभागिता रहेको थियो । कारबाहीको क्रममा घरघरमा लुकाई राखिएका हुकिङ तार, मोटर र इलेक्ट्रोनिक उपकरणहरू बरामद गरी नियन्त्रणमा लिइएको छ । विद्युत चोरीका कारण राष्ट्रलाई वार्षिक रूपमा ठूलो आर्थिक क्षति पुग्ने भन्दै अब यस्ता कार्यमा संलग्नमाथि कडा कानुनी कारबाही गरिने प्राधिकरणका प्रमुख दुबेले बताए । प्रमुख दुबेले चोरी नियन्त्रणका लागि नियमित अनुगमन, प्रविधिमैत्री उपाय र जनचेतना कार्यक्रम सञ्चालन गरिने जानकारी दिए । साथै, सर्वसाधारणलाई विद्युत चोरी नगर्न र देखेमा नजिकको विद्युत कार्यालयमा खबर गर्न पनि उनले आग्रह गरेका छन् ।

# अत्यधिक गर्मीका कारण जनकपुरधामका विद्यालय दुई दिन बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाम उपमहानगरपालिकाले बढ्दो गर्मीले बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै उपमहानगर क्षेत्रभित्रका सबै सामुदायिक तथा निजी विद्यालयहरू दुई दिनका लागि बन्द गर्ने निर्णय गरेको छ । शिक्षा तथा खेलकुद विकास शाखाका शाखा प्रमुख धीरेन्द्र लाल कर्णद्वारा जारी सूचनामा जेठ २९ र ३० गते विद्यालयहरूमा पठनपाठन बन्द रहने उल्लेख छ । यद्यपि, विद्यालयहरूमा प्रशासनिक कार्य भने यथावत् रहने जनाइएको छ । यो विदा विद्यालयको वार्षिक विदाबाट कट्टा गरिनेछ । उपमहानगरपालिकाले अत्यधिक तापमानका कारण बालबालिकाको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्ने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ । स्थानीय अभिभावकहरूले उक्त निर्णयलाई स्वागत गर्दै बालबालिकाको सुरक्षालाई प्राथमिकतामा राखिएको कदमको प्रशंसा गरेका छन् । पछिल्ला केही दिनयता मधेश प्रदेशमा चर्को गर्मीका कारण जनजीवन प्रभावित हुँदै आएको छ ।

# विपद् प्रतिकार्य योजना सम्बन्धी अभ्यास तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

बाढी, पहिरो लगायतका प्राकृतिक विपद्बाट जोगिन आवश्यक पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी अभ्यास तालिम वीरगंजस्थित घडिअर्वा पोखरीमा सम्पन्न भएको छ । जिल्ला विपद् व्यवस्थापन समिति पर्साको आयोजनामा भएको उक्त कार्यक्रममा विपद् अवस्थाको तत्कालीन प्रतिक्रिया, उद्धार कार्य, समन्वय तथा राहत व्यवस्थापनबारे स्थानीय स्वयंसेवकहरूलाई सीपमूलक अभ्यास गराइएको थियो । कार्यक्रमका मुख्य अतिथि प्रमुख जिल्ला अधिकारी गणेश अर्याल थिए भने विशिष्ट अतिथिका रूपमा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, जिल्ला प्रहरी प्रमुख गौतम मिश्र, नेपाल रेडक्रस सोसाइटी पर्साका अध्यक्ष बृजकिशोर पटेल, नायब उपरीक्षक देवेन्द्र बहादुर सिंह, एनोभेट सोसाइटीका अध्यक्ष कमल चौगाई लगायतको उपस्थिति थियो ।

# ट्राफिक सप्ताहको छैटौं दिन वीरगंजमा विभिन्न जनचेतनामूलक कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज ।**

जिल्ला प्रहरी कार्यालय पर्सा र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको संयुक्त आयोजनामा सञ्चालित ट्राफिक सप्ताह अन्तर्गत छैटौं दिन वीरगंज महानगर क्षेत्रमा विभिन्न जनचेतनामूलक कार्यक्रम गरिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले सडक सुरक्षा सम्बन्धी जनचेतना फैलाउने उद्देश्यले ट्राफिक सप्ताह सञ्चालन गरिएको बताए ।

उनका अनुसार आगामी दिनहरूमा पनि वीरगंजका विभिन्न क्षेत्रमा अझ प्रभावकारी ढंगले ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रममा वीरगंजका विभिन्न विद्यालयका विद्यार्थीहरूले व्यस्त चोकहरूमा खटिएर पैदल यात्रुहरूलाई जेब्रा क्रसिङ प्रयोग गर्न, सही दिशा र सडक पेटीबाट हिँड्न प्रेरित गरेका थिए । साथै, उनीहरूले ट्राफिक शिष्टाचारसम्बन्धी पर्चा तथा पम्पलेट वितरण गर्दै सर्वसाधारणलाई ट्राफिक नियमबारे जानकारी दिएका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन